# आर्थिक बर्ष २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
२०८२

विक्रम संवत् २०८२ असार १० गतेका दिन इटहरी उपमहानगरपालिकाको सोहौं नगरसभामा नगर उपप्रमुख संगिता कुमारी चौधरीले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८२/०८३ को

# निति, कार्यक्रम तथा बजेट वक्तव्य

इटहरी उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

२०८२

# आर्थिक बर्ष २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट

## इटहरी उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## इटहरी, सुनसरी
## २०८२

# <u>बजेट वक्तब्य</u>

**<u>समाध्यक्ष महोदय,</u>**

सभाध्यक्षको अनुमतिले सोह्रौ नगरसभाको पहिलो वैठकको यस ऐतिहासिक क्षणमा संघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्था सम्म आउदाको अवस्थामा विभिन्न समयमा भएको आन्दोलन विद्रोहमा निष्ठापूर्वक लडी आफ्नो ज्यानको आहुती दिनुहुने ज्ञात/ अज्ञात वीर शहिदहरु र इटहरीका दिवांगतजनप्रतिनिधिहरु प्रति भावपूर्ण श्रदाञ्जली व्यक्त गर्दछु। त्यसै गरी अग्रज नेतृत्व प्रति यस अवस्थामा उच्च सम्मान प्रकट गर्दछु। साथै इटहरीको विकासमा नेतृत्व प्रदान गर्नुहुने सवै जनप्रतिनिधिहरु प्रति आभार व्यक्त गर्दछु।

नेपालको संविधानको धारा २३० मा भएको व्यवस्था, स्थानीय सरकार संचालन २०७४ को दफा ७१ मा र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २१ कोउपदफा ३ मा भएको व्यवस्था अनुसार इटहरी उपमहानगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति कार्यक्रम तथा वजेट सम्मानित सोह्रौ नगर सभामा पेश गर्न पाउदा म गौरववान्वित भएको छु। स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६७ मा व्यवस्था भए अनुरुप इटहरी उपमहानगरपालिकाको वजेट तथा कार्यक्रम तर्जुमा समितिक संयोजकको नाताले गाउसभा नगर संचालन कार्य विधि ऐन २०७५ को दफा ३२ अनुसार यस सम्मानित सोह्रौ नगरसभामा इटहरी उमहानगरपालिकाको आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा वजेट प्रस्तुत गर्न उपस्थित भएको छु।सभामा उपस्थित समपूर्ण नगरसभाका सदस्यज्यूहरु प्रत्यक्ष प्रसारण मार्फत हामीलाई हेरी र सुनी रहनु भएको आदरणीय नगरवासी आमा, वुवा, दाजु, भाई, दिदी ,वहिनीहरु र समपूर्ण दर्शक एंव श्रोता मानुभावहरुलाई हार्दिक अभिवादन एंव नमस्कार व्यक्त गर्दछु।

**सभाध्यक्ष महोदय,**

इटहरी उपमहानगरपालिकाको विगत तीन आर्थिक वर्षको नीति कार्यक्रम तथा वजेट कार्यन्वयनको क्रममा तपाई हामीले गरेका/ भोगेका सिकाई र अनुभवको आधारमा आगामी आर्थिक २०८२/०८३ को नीति कार्यक्रम र वजेट तयार गरी इटहरीको चौतर्फी विकासलाई अगाडी वढाउने प्रयास गरेका छौ।विगत र चालु आर्थिक वर्ष मा नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदान कटौती भएको दअनुमान र लक्ष्य अनुसारका राजश्व वाडफाडका शिर्षकबाट प्राप्त हुने रकम  प्रक्षेपण गरिए अनुसारको आन्तरिक राजश्व संकलन नभएको कारण गत विगत वर्षको योजना परियोजना कार्यक्रम र उपभोक्ता समितिको भुक्तानीको दायित्व सरेर आएको कारण चालु आर्थिक वर्षको वजेट पूर्ण रुपले कार्यन्वयन गर्न समस्या आइ परेको व्यहोरा तपाई हामी सवैलाई सर्व विधितै छ।यस किसिमको परिस्थितिलाई आत्मसाथ आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा वजेट सकेसम्म यथार्थको नजिक रहेर निर्माण गर्ने प्रयास गरिएको व्यहोरा आदरणीय नगरसभाका सदस्यहरुलाई अवगत गराउन चाहान्छु। चालु आर्थिक वर्षको दायित्व र भुक्तानी समेत आगामी आर्थिक वर्षमा सरेर जाने अवस्था रहेको छ। यसरी हेर्दा आगामी आर्थिक वर्षमा समेत उल्लेखनिय योजना/परियोजना र कार्यक्रमहरु छनौट रसंचालन गर्न श्रोतको अभाव हुन सक्ने सम्भावना हुन्छ।

**सभाध्यक्ष महोदय,**

अव म आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा वजेटको उदेश्य, प्राथमिकता र विशेषता प्रस्तुत गर्दछु।

**उद्धेश्य**

- हामीले तय गरेको नीति कार्यक्रमलाई सहजता पूर्वक कार्यान्वयन गरी सामाजिक न्याय कायम गर्नु।

- नागरिकको आवश्यकतालाई सरल र सहज ढंगबाट परिपूर्ती गर्नु।
- वित्तिय जवाफ देहिता कायम गरी समावेशी तथा सन्तुलित विकास गर्नु।
- आर्थिक श्रोत साधनको प्रभावकारी संकलन र विनियोजन गरी वित्तिय सु-शासन कायम गर्नु।
- स्थानीय श्रोत र साधनको अधिकतम परिचालन गरी आर्थिक वृद्धी हासिल गर्नु।

**वजेटको प्राथमिता**

- नगरवासीको अधिकतम माग भौतिक विकास भएकोले भौतिक पूर्वाधारको विकासमा जोड।।
- नागरिकको नैसर्गिक अधिकार भित्र रहेको शिक्षा र स्वास्थ्यको सेवालाई गुणस्तरिय शिक्षा र विशेषज्ञ स्वास्थ्य सेवामा जोड।
- उत्पादन र आय आर्जन गरी गरीवी न्यूनिकरणमा जोड।
- सहभागिता मूलक विकासमा जोड।

**विशेषता**

- प्राप्त श्रोत साधनलाई आवश्यकताका आधारमा वजेट विनियोजन गरी अधिकतम परिचालन।
- कर राजश्वको दरमा नभई दायरा वृद्धी गरी श्रोतको वृद्धी गर्ने तर्फ ध्यान दिइएको।
- वित्तिय सु-सासन कायम र राख्नका निम्ति प्रयास गरिएको।
- वार्षिक योजनालाई कार्यान्वयन गराउन निम्ति प्रयत्न गरिएको।

**सभाध्यक्ष महोदय**

चालु आर्थिक वर्ष २०८१/०८२ को आय व्यय र संसोधित अनुमान र बजेटको समिक्षात्मक अवस्थाको बारेमा विवरण प्रस्तुत गर्दछु । चालु आर्थिक वर्ष २०८१/०८२ मा आय तर्फ जेष्ठ मसान्तसम्मको वित्तिय समानिकरण अनुदान रु. २७ करोड १२ लाख ४२ हजार, संघीय ससर्त अनुदान चालु खर्च तर्फ रु.४५ करोड २० लाख १४ हजार, संघीय सर्सत अनुदान पुजीगत खर्च तर्फ रु ४३ करोड २६ लाख ४७ हजार, संघीय विशेष अनुदान रु ४ करोड ३४ लाख ४६ हजार, संघीय समपुरक अनुदान रु १करोड, ६४ लाख ५७ हजार प्रदेश वित्तिय समानिकरण अनुदान रु.१ करोड ४५ लाख ८३ हजार, प्रदेश ससर्त अनुदान चालु खर्च तर्फ रु २७ लाख ४० हजार, प्रदेश ससर्त अनुदान पुजिगत खर्च तर्फ रु १ करोड ८३ लाख, प्रदेश समपुरक अनुदान रु ३३ लाख ३० हजार, संघीय राजश्व वाँडफाँड रु १४ करोड ९३ लाख ४९ हजार, प्रदेश राजश्व वाँडफाँड सवारी कर रु १ करोड ३३ लाख ४७ हजार, प्रदेश राजश्व बाँडफाँड अन्तर्गत घरजग्गा रजिष्ट्रेसन दस्तुर (मालपोत) रु.१७ करोड ३४ लाख ३८ हजार, स्थानीय राजश्व बाँडफाँड रु ६३ लाख ६२ हजार, आन्तरिक आय रु ३३ करोड २८ लाख ६५ हजार र गत आर्थिक वर्षको नगद मौज्दात रु ३ करोड ३४ लाख ३५ हजार गरी कुल रु १ अर्ब . ९६ करोड ३५. लाख ५५ हजार खुद आय प्राप्त भएको छ भने चालु आर्थिक वर्षका लागि गत नगरसभा बाट पारित बजेटमा रु ३ अर्ब ५७ करोड ८३ लाख ५० हजार अनुमान गरिएकोमा चालु आर्थिक वर्षको अन्त्य सम्ममा संघीय समानिकरण अनुदान तर्फ रु २७ करोड १२ लाख, संघीय समपुरक अनुदान रु ४ करोड, संघीय सरकार विषेश अनुदान रु ५ करोड, संघीय सरकार ससर्त अनुदान चालु खर्च तर्फ रु .४९ करोड १७ लाख १५ हजार, संघीय सरकार ससर्त अनुदान पुजीगत खर्च तर्फ रु ५८ करोड १० लाख १०..हजार, प्रदेश वित्तिय समानिकरण अनुदान रु १ करोड ९४ लाख ४५ हजार, प्रदेश समपुरक अनुदान रु १ करोड ७७ लाख, प्रदेश ससर्त अनुदान चालु खर्च तर्फ रु ३७ लाख ८० हजार, प्रदेश ससर्त अनुदान पुजीगत खर्च तर्फ रु २ करोड ३१ लाख ४१ हजार, संघीय राजश्व बाँडफाड रु १९करोड ११ लाख ,प्रदेश

राजश्व बाँडफाँड (घरजग्गा रजिष्ट्रेशन मालपोत) रु २२ करोड १० लाख, प्रदेश राजश्व बाँडफाँड (सवारी कर) रु २ करोड ५ लाख, आन्तरिक श्रोत रु.४२ करोड १० लाख, स्थानीय राजश्व बाँडफाँड रु ७० लाख १० हजार र गत आर्थिक वर्षको नगद मौज्दात परिवर्तन बाट रु ३करोड ३४ लाख ३५ हजार, गरी जम्मा रु.२ अर्ब ३९ करोड २० लाख ३६ हजार आय हुने भई रु १ अर्ब १८ करोड ६३ लाख १४ हजार, न्युन हुने संसोधित अनुमान पेश गर्दछु । संघीय सरकारबाट प्राप्त हुने समानिकरण अनुदान अनुमान गरे बमोजिम प्राप्त नभएको, आन्तरिक स्रोत र मालपोत रजिष्ट्रेसन शुल्क प्रक्षेपण गरे अनुसार संकलन नभएको साथै विश्व वैकबाट संचालित जुटविकासदेखी तालतलैया हुदै वरगाछी जाने सडकका निर्माण कार्य बाटोको काम सोचे अनुरुपको प्रगति हुन नसकेको कारणले संघीय सरकारबाट उक्त शिर्षकमा प्राप्त हुने सर्सत अनुदानको रकम अनुमान गरे बमोजिम प्राप्त नभएकोले आय न्युन भई यस आर्थिक वर्षमा सञ्चालित योजना तथा कार्यक्रमको भुक्तानी तथा दायित्व आगामी आर्थिक वर्षमा सरेर जाने देखिन्छ ।

सभाध्यक्ष महोदय ,

आर्थिक वर्ष २०८१/०८२ को शिर्षक गत आर्थिक वर्ष ०८१/०८२ को यथार्थ आम्दानी आ.व. २०८२/०८३ को प्रक्षेपण र जेष्ठ मसान्त सम्मको यथार्थ आम्दानी र २०८१/०८२ को असार मसान्त सम्मको संसोधित अनुमान र आगामी आर्थिक वर्ष २०८२/०८३ को प्रक्षेपण तालिका यस बजेटको अनुसुचिमा रहेको व्यहोरा जानकारी गराउँदछु ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थीक वर्ष २०८२/०८३ को अनुमानित बजेट प्रस्तुत गर्दछु । आगामी आर्थिक वर्षको लागि संघीय समानिकरण अनुदान रु २८ करोड ३० लाख, संघीय ससर्त अनुदान चालु खर्च तर्फ रु ४७ करोड १६लाख , संघीय ससर्त अनुदान पुजीगत खर्च तर्फ रु ४३ करोड २०लाख संघीय समपुरक अनुदान रु १ करोड ३६ लाख, संघीय विशेष अनुदान रु १करोड ४२ लाख, प्रदेश समानिकरण अनुदान रु २ करोड ७५ लाख ६६

हजार, प्रदेश ससर्त अनुदान चालु खर्च तर्फ रु ७८ लाख ५हजार, प्रदेश ससर्त अनुदान पुजीगत खर्च तर्फ रु १ करोड २९ लाख २५ हजार, संघीय राजश्व बाँडफाँड रु १९ करोड २५ लाख १० हजार ७ सय ५९ रुपैया, प्रदेश राजश्व वाँडफाँड (सवारी कर) रु २ करोड १ लाख ७३ हजार, प्रदेश राजश्व बाँडफाँड (मालपोत रजिष्ट्रेसन ) रु ४० करोड, आन्तरिक श्रोत बाट रु ५८ करोड, र नगद मौज्दात परिवर्तन बाट रु ९ करोड ६७ लाख २० हजार २ सय ४1 रुपैया  गरि कुल जम्मा रु २ अर्ब ५५ करोड २1 लाखको अनुमानित बजेट पेश गर्दछु ।

सभाध्यक्ष महोदय,

अव म आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि अनुमानित खर्चको प्रस्ताव प्रस्तुत गर्दछु । चालु खर्च तर्फ रु १ अर्ब ४ करोड ११ लाख १० हजार अर्थात कुल बजेटको ४०.७९ प्रतिशत, वित्तिय व्यवस्था अन्तर्गत साँवा ब्याज भुक्तानी तर्फ रु ९० लाख अर्थात कुल बजेटको ०.३५ प्रतिशत र पुँजिगत तर्फ रु १ अर्ब ५० करोड १९ लाख ९० हजार अर्थात कुल बजेटको ५८.८६ प्रतिशत मध्ये विषयगत तर्फ रु  २६ करोड, वडा सिमा तर्फ रु ३७ करोड, नगरस्तरिय योजनाको लागि रु १५ करोड लगायत नगरको चालु प्रशासनीक खर्च समेत गरी रु २ अर्ब ५५करोड २1 लाख विनियोजन गरेको छु । जसको विवरण अनुसुचिमा संलग्न गरिएको व्यहोरा अनुरोध गर्दछु ।

सभाध्यक्ष महोदय,

अब म विषय गत रुपमा नीती कार्यक्रम तथा बजेट प्रस्तुत गर्दछु ।

## भौतिक पूर्वाधार विकास :

- आवधिक योजना, मध्यमकालिन खर्च संरचना निर्माण गरी दिगो विकास, राष्ट्रिय तथा प्रदेश नीति र नगरवासीहरुको आवश्यकतानुसार पूर्वाधार विकास योजनाहरु निर्माण तथा कार्यान्वयन गर्दै लगिनेछ ।

- संघ , प्रदेशसंग आवश्यक समन्वय गरी इटहरी उपमहानगरपालिकाको बाहिरी चक्रपथको संभाव्याता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन (D.P.R.) तयार गर्ने कार्यलाई प्रथमिकताका साथ अगाडि वढाइनेछ ।
- इटहरीको सर्वाङगिण विकासको निम्ति गुरु योजना (Master Plan) तयार गर्ने कार्यलाइ प्राथमिकताका साथ अगाडि वढाइनेछ ।
- सुन्दर शहर बनाउन सौन्दर्यकरणका लागी सडक निर्माण संगसंगै सडक क्षेत्राधिकार भित्र आवश्यक स्थानहरुमा Curb Stone, Foot Path, Drain, Road Marking, Reflectors, सहितका Road Furniture लगाउने व्यवस्था गर्दै लगिनेछ ।
- नगरभित्र संचालन गरिने भौतिक पूर्वाधार निर्माण आयोजना तथा कार्यक्रमहरुको जेष्ठ मसान्तभित्र नै सम्पन्न गर्ने गरी भाद्र महिना भित्र नै क्यालेण्डर तयार गरी कार्यान्वयनमा लगिनेछ ।
- उपभोक्ता मार्फत संचालनमा ल्याइने आयोजनाहरुको निर्माण लागतमा आयोजना स्थलमा रहेका समुदायको आर्थिक सामाजिक अवस्थालाइ मध्यनजर गरी लागत सहभागिता सम्बन्धमा क्षेत्र बर्गिकरण भएको नीतिलाइ निरन्तरता दिइनेछ ।
- सुरक्षित आवाश तथा भवन निर्माण कार्यका लागी राष्ट्रिय भवन संहितको कार्यान्वयनलाइ कडाइका साथ कार्यान्वयन गराइनेछ ।
- हाल संचालनमा आइरहेको निर्माण सामाग्री गुणस्तर परिक्षण प्रयोगशालाको क्षमता विस्तार तथा स्तरोन्नती गरी भौतिक संरचनाहरुलाइ गुणस्तरिय र दिगोपना कायम राख्ने कार्यलाइ निरन्तरता दिइनेछ ।
- सार्वजानिक निजी साझेदारी कार्यक्रम (पिपिपि) को मोडलमा बिभिन्न निजी क्षेत्रको साझेदारीमा कार्यक्रम गर्ने नीति लिइएकोछ ।
- चालु आर्थिक वर्षमा इटहरी उपमहानगरपालिका र विश्व बैंक बिच संझौता भइ कार्यान्वयनमा रहेका योजनाहरु आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ साथै एशियाली विकास बैंक र जायिका जस्ता अन्तराष्ट्रिय दातृ संस्थाहरुसंग समन्वय भइ चालु आ.व.मा इटहरीको डुवान नियन्त्रण

तथा सडक पूर्वाधारका महत्वपूर्ण योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (D.P.R.) तयार गर्ने कार्य तदारुकताका साथ अगाडि बढिरहेको अवस्थामा आगामी आर्थिक वर्षमा उक्त परियोजनाहरु संचालन गर्ने नीति लिइनेछ ।

- पालिका भित्रका वडा र अन्तरपालिका जोड्ने महत्वपूर्ण सडकहरु निर्माण तथा विस्तार कार्यलाइ निरन्तरता दिइनेछ ।
- पैदल यात्रीहरुको आवागमनमा सहजताका लागी कोशी राजमार्ग अन्तर्गत २ वटा आकाशे पुलको निर्माण कार्य चालु आ.व. मा आरम्भ भइ आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।
- पालिका भित्र अवस्थित राष्ट्रिय राजमार्ग तथा मुख्य सडकहरुमा सि.सि. क्यामरा जडान कार्यलाइ निरन्तरता दिंदै शान्ती सुरक्षा तथा सडक सुशासन प्रवर्द्धन गरिनेछ ।
- व्यवस्थित शहरिकरणमा टेवा पुर्याउन सुरक्षित आवाश तथा बस्ती विकास गर्न न्युनतम भौतिक पूर्वाधार (सडक कालोपत्रे, ढलान, इन्टरलक ब्लक, ड्रेन, खानेपानी विद्युत विस्तार ) भएपछि मात्र विक्रीका लागी सिफारिस गरिने नीतिलाइ निरन्तरता दिइनेछ ।
- बहुवर्षिय,गत विगतदेखि संचालनमा आइरहेका तथा चालु आ.व.मा सम्पन्न हुन बांकी रहेका सडक तथा पुल पूर्वाधारहरुको प्राथमिकताको आधारमा निर्माण सम्पन्न गर्दै लगिनेछ साथै लामो समय देखि निर्माण संचालन र सम्पन्न हुन नसकेका संकटग्रस्त आयोजना (Sick Project) हरुको संझौता रद्द गरी नयाँ प्रक्रियावाट योजना संचालन तथा सम्पन्न गर्ने नीति कडाइका साथ अवलम्वन गरिनेछ ।
- बाढी तथा डुवानको समस्यालाइ न्युनिकरण गरी सुरक्षित आवास तथा व्यवस्थित शहरिकरणका लागी खेति खोला, सुकुमारी खोला लगायतका खोला पैनीको क्षेत्रधिकार कायम गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।
- नागरिकहरुलाइ विकसित शहरमा बसोवास गरेको अनुभुति दिलाउन सहज रुपमा आवागमनका लागी पालिका भित्र आवत जावत गर्न सकिने गरि पुल, कल्भर्ट, तथा सडकहरुको निर्माण तथा मर्मत कार्य गर्दै लगिनेछ ।

- सडक तथा पुलहरुको दिगोपना तथा सहज रुपमा पानी निकासको लागी घना बस्ती भएका सडक किनारामा आर.सि.सि. प्रोटेक्सनवाल, ड्रेन निर्माण कार्य योजनाहरुलाइ निरन्तरता गर्दै लगिनेछ ।
- कालोपत्रे तथा ठुला मेशिन औजार प्रयोग गरी गरिने निर्माण कार्य बाहेकका जल प्रकोप नियन्त्रण, स-साना कल्भर्ट, नाली निर्माण, खोलापैनी सरसफाइ, सडक ग्राभेल, इन्टरलक ब्लक, ओच्छयाउने जस्ता कार्यहरुमा उपभोक्ताहरुको लागत सहभागिता सुनिश्चितता भए/गरे पछि मात्र उपभोक्ता समिति मार्फत गरिने कार्यलाइ निरन्तरता दिइनेछ ।
- नगरभित्रका आवश्यकताका आधारमा सरोकारवालाहरुवाट माग भएका स-साना एउटै प्रकृतिका निर्माण कार्यहरुलाइ एकिकृत गरी रु ५ लाख भन्दा साना आयोजनाहरुको न्युनिकरण गर्दै लगिने नीतिलाइ निरन्तरता दिइनेछ ।
- टेङग्रा खोलाको क्षेत्राधिकार कायम र करिडोर निर्माण गर्ने परियोजना संचालन गर्दा पूर्ण रुपमा विस्थापित हुने घर परिवारलाइ पून स्थापना गर्ने नीति लिइनेछ ।
- विश्व बैंकको सहयोगमा इटहरीको मुख्य समस्याको रुपमा रहेको बाढी तथा डुवानको समस्यालाइ दिर्घकालिन रुपमा समाधानको लागी नमुना कार्यक्रमको रुपमा आएका प्रकृतिमा आधारित मोडेल (Nature Basad Solution) बाट आढी नियन्त्रण गर्ने कार्यको संभाव्यता अध्ययन चालु आर्थिक वर्षमा भइसकेकोमा आगामी आर्थिक वर्षमा नमुना मोडेलको रुपमा कार्यान्वयनमा ल्याइनेछ ।
- आगामी आ.व. २०८२/०८३ मा इटहरी उपमहानगरपालिकाको आयोजना बैंक निर्माण गरिनेछ ।
- घर नक्शा सम्बन्धि डिजिटल, अभिलेखिकरण मापदण्ड पूर्ण रुपमा तयार गरी लागु गरिनेछ ।
- डिजिटल हाउस मार्किङ गर्ने कार्यलाइ भुमि बर्गिकरणसंग एकिकृत गरी कार्यान्वनमा ल्याइनेछ ।

- आगामी आ.व. ०८२/०८३ मा बिश्व बैंकको सहयोगबाट वडा नं. १, १७ र २० मा पर्ने लविपुर — तरहरा — सडक खण्डको स्तरउन्नति गरिनेछ ।
- जलवायु परिवर्तनको जोखिम न्युनिकरण गर्न इटहरी उपमानगरपालिका भित्र रहेका साना तथा ठुला उद्योगहरुवाट उत्पन्न हुने कार्वन न्युनिकरणका लागी प्रोत्साहित गर्ने नीति लिइनेछ ।
- लागत साझेदारीमा उपभोक्ताहरु मार्फत संचालन हुने आयोजनाहरु निर्माण तथा मर्मत सम्भारमा गुणस्तरियता तथा दिगोपना हांसिल गर्न उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता विकासका लागी प्रत्येक वडामा अभिमुखिकरण कार्यक्रम आयोजना गरिनेछ ।
- पूर्वाधार विकास महाशाखा प्राविधिक कर्मचारीहरुको क्षमता विकास, तालिम, गोष्ठी तथा भ्रमण कार्यक्रमहरुको आयोजना गरी पूर्वाधार निर्माणमा प्राविधिक दक्षता अभिवृदि गरिनेछ ।
- चालु आर्थिक वर्ष २०८१।०८२ को वडा तथा नगर, सामाजिक, आदिवासी जनजाति, इसाइँ लगायत अन्य बिषयगत तर्फका भौतिक पूर्वाधार स्वीकृत योजनाहरु मध्ये सम्झौता हुन बाँकी रहेका योजनाहरु समेत आगामी वर्षमा सञ्चालन गरिनेछ र सोका लागि आवश्यक बजेटको प्रबन्ध गरिएकोछ ।

**स्वास्थ्य :**

- राष्ट्रिय खोप तालिका अनुसार सबै बालबालिकाले खोप पाउने अधिकारलाई सुनिश्चित गरी पूर्णखोप नगर कायम गरिनेछ ।
- उप प्रमुख प्रजनन स्वास्थ्य कार्यक्रम अन्तर्गत महिलाहरूको आङ खस्ने, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, प्रसव फिस्टुला सम्वन्धि समस्यालाई इटहरी अस्पताल तथा स्वास्थ्य चौकीहरूवाट नियमित स्क्रिनिङ गर्ने व्यवस्था मिलाइनेछ ।

- ल्याव सेवा भएका स्वास्थ्य चौकीहरूवाट सेवा स्तरवृद्धि गरी गर्भवती महिलाहरूको लागि ANC profile निशुल्क गरिने व्यवस्था मिलाइनेछ ।
- पूर्ण संस्थागत सुत्केरी पालिका कार्यक्रम अन्तर्गत संस्थागत सुत्केरी हुने सुत्केरी महिलाहरूको लागि सुत्केरी पोषण भत्तालाई निरन्तरता दिइएको छ ।
- आयुर्वेद लगायत अत्यावश्यक औषधीको उपलब्धता सुनिश्चित गर्दै सरकारी नगर अस्पताल तथा स्वास्थ्य संस्थाहरूवाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि मेडिकल औजार उपकरण, ल्याव रिएजेन्ट र सर्जिकल सामाग्रीको आपूर्ति तथा वितरण प्रभावकारी बनाइनेछ ।
- वडास्तरमा सामुदायिक नर्सिङ घरदैलो कार्यक्रम मार्फत हरेक परिवारको फेमिली प्रोफाइल तयार गरी स्वास्थ्य सचेतना, परिक्षण तथा परामर्श सेवा प्रदान गरिनेछ ।
- नर्सिङ घरदैलो कार्यक्रम मार्फत जेष्ठ नागरिकलाई घरमा नै नियमित स्वास्थ्य परिक्षण एवम् औषधी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- एच.आइ.भि. संक्रमितहरूको लागि भाइरललोड जाचको लागि बार्षिक १५०० का दरले यातायात खर्च र १८ वर्ष मुनिको एच.आइ.भि. संक्रमित बालबालिकाहरूको लागि मासिक पोषण खर्च वापत रू १००० उपलब्ध गराइनेछ ।
- प्रत्येक वडाको सामुदायिक माध्यमिक विद्यालयमा विद्यालय नर्सिङ कार्यक्रम लाइ निरन्तरता दिइने छ ।
- स्वास्थ्य विमा लागु भएका नगरभित्रका निजी अस्पतालहरूसंग समन्वय गरी स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमा नियमित रूपमा विशेषज्ञ सेवा सन्चालन गरिनेछ ।

- अति विपन्न, असहाय, गरीव, द्वन्द प्रभावित, हिंसा पीडित, महिला स्वास्थ्य स्वयंसेविकाहरूको लागि निशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिइएकोछ ।
- मृगौला प्रत्यारोपण, डायलायसिस गराइरहेका, मेरूदण्डको पक्षघात, क्यान्सर जस्ता कडा रोगको विरामीहरूको मासिक उपचार खर्च एकिकृत सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत पन्जिकरण शाखा मार्फत विरामीको व्यक्तिगत बैकं खातामा उपलब्ध गराइनेछ ।
- नगर अन्तर्गतका सवै स्वास्थ्य संस्थामा विद्युतीय स्वास्थ्य तथ्याङ्क, सूचना, अभिलेख तथा प्रतिवेदन प्रणालीलाइ अझ व्यवस्थित गरिनेछ । यसका लागि आवश्यक इलेक्ट्रोनिक सामाग्री तथा वैकल्पिक विद्युत लाइनको व्यवस्था गरिनेछ।

- स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रको सेवा गुणस्तरिय र प्रभावकारी बनाउन न्युनतम सेवा मापदण्ड कार्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयन गरिनेछ । स्वास्थ्यकर्मीको पेशागत वृत्ति विकासका लागि क्षमता विकास सम्वन्धि तालिमको आयोजना गरिनेछ ।
- इटहरी अस्पतालको पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन तथा थप सेवा विस्तारका लागि अनुदान रकम दिइनेछ ।
- महामारी रोकथाम नियन्त्रण, आपतकालीन स्वास्थ्य व्यवस्थापनको लागि पूर्व तयारी र प्रतिकार्य योजनालाइ प्रदेश तथा संघ संग समन्वय गर्दै तयारी र सर्भिलेन्स प्रणालीलाई सुदृढ गरिनेछ ।

- नसर्ने तथा मानसिक रोगको रोकथाम एवम् स्वास्थ्य प्रवर्धनको लागि आयुर्वेद, होमियोप्याथी तथा अन्य वैकल्पिक चिकित्सालाई समावेश गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- सबै वडामा नागरिक आरोग्य केन्द्र सन्चालन तथा विस्तार गरी स्वस्थ जीवनशैली, आहारविहार, योग ध्यान तथा व्यायाम प्रवर्धन गरिनेछ ।
- विभिन्न निकायमा दर्ता भई यस नगरमा सञ्चालित निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरूवाट प्रवाह हुने सेवाको गुणस्तर मापनका लागि अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- नगरवासीको लागि नि:शुल्क एम्बुलेन्स तथा शव वाहन सुविधालाई निरन्तरता दिइनेछ ।
- निजी तथा सरकारी अस्पताल लगायत स्वास्थ्य संस्थाहरूवाट सिर्जित अस्पतालजन्य फोहोरमैला उचित व्यवस्थापनका लागि अन्य स्थानको विद्यमान प्रणालीको अध्ययन अवलोकन गरी भावी रणनीति तयार गरिनेछ ।
- साविका हाँपोसा, पकली, एकम्वा र खनारमा रहेका स्वास्थ्य चौकीको स्तरउन्नोती गरी बिशेषज्ञ सेवा विस्तार गरिनेछ ।
- आगामी आर्थिक वर्षमा जेष्ठ नागरिक, असक्त, अपांगहरुको लागि ४ वटा वडामा फिजिथेरापी सेन्टर स्थापना गरिनेछ ।

## सामाजिक विकास :

- सामाजिक विकास क्षेत्रको नीति तथा रणनीतिक योजना तयार गरि सामाजिक क्षेत्रको योजनबद्ध विकासका लागि आधार तयार गरिनेछ ।
- महिला बिरुद्ध हुने सबै प्रकारका विभेद,कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण, वित्तीय तथा कानुनी साक्षरता र सशक्तिकरण कार्यक्रमहरु वडा तहबाट संचालन गरिनेछ ।

- **उपमेयर आत्मनिर्भर कार्यक्रमलाई निरन्तरता दिँदै** महिला समूहहरुलाई सीपमूलक तालिम मार्फत उद्यमशिलताको अवसर प्रदान गरिनेछ । एकल महिला, विपन्न महिलाहरुलाई उक्त कार्यक्रमबाट व्यवसाय संचालनका लागि बीउपूँजी प्रदान गर्ने ब्यवस्था मिलाइनेछ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई सवै विषय क्षेत्रमा संस्थागत गर्दै लगिनेछ ।
- लैङ्गिक उत्तरदायी बजेट निर्माण तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको व्यवस्था मिलाइनेछ ।
- हिँसा पिडित तथा मानसिक समस्या भएका महिला तथा किशोरीहरुको व्यवस्थापनका लागि संचालनमा रहेका आश्रयस्थल,आवासगृह र सेफ हाउसलाई थप व्यवस्थित गरिनेछ ।
- हिंसा पिडित महिला, बालबालिका तथा किशोरीहरुका लागि मनोसामाजिक परामर्श तथा कानुनी सहायताका कार्यक्रमलाई थप व्यवस्थित बनाइनेछ ।
- बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि सुचाकमा आधारित कार्यक्रम सन्चालन गरिनेछ ।
- बालबालिकासंग सम्वन्धीत सरोकारवालाहरु संगको सहकार्यमा अभिभावक बिहिन वालबालिका, सडक बालबालिका, श्रम क्षेत्रमा रहेका बालबालिका, मनोरञ्जन क्षेत्रमा रहेका बालबालिका तथा जोखिममा परेका बालबालिकाकाको उद्दार, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन तथा पुनःसमावेशीकरण कार्यक्रम संचालन गरिनेछ ।
- वालबालिका सम्वन्धी संरचनात्मक विकास, निर्णय प्रकृयामा बाल आवाज समावेश र अतिरिक्त क्रियाकलाप संचालनका माध्यमबाट वाल सहभागीतालाई प्रभावकारी बनाइनेछ ।
- वडास्थलमा रहेका बाल सञ्जालहरुलाई दर्ता गरि टोलस्तरमा समेत बाल सञ्जाल विस्तार गरिनेछ र संजाल मार्फत बाल संवाद कार्यक्रम संचालन गरिनेछ ।

- बाल  विवाह तथा लागु पदार्थ दुर्व्यसनी उन्मुलनका लागि कार्ययोजना तयार गरि संघीय र प्रादेशिक निकाय तथा संघसंस्थाहरुसंगको सहाकार्यमा विशेष अभियान संचालन गरिनेछ ।
- ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभबको  पुस्तान्तरण र हस्तान्तरणको  लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- ज्येष्ठ नागरिक विश्रामस्थल तथा दिवासेवा कार्यक्रम सबै वडाहरुमा विस्तार गर्दै लगिनेछ ।
- ज्येष्ठ नागरिकको सम्मान : हाम्रो अभियान कार्यक्रम अन्तर्गत वडाहरुमा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम आयोजना गरिनेछ  ।
- उपमहानगर क्षेत्र भित्र संचालनमा रहेका ज्येष्ठ नागरिकसंग सम्बन्धीत संघ/संस्था तथा आश्रमहरुको सुदृढीकरण र व्यवस्थापनमा सहयोग,नियमन तथा अनुगमन गरिनेछ ।
- ज्येष्ठ नागरिकका अनुभव तथा भोगाई सम्वन्धी अप्रकाशित लेख रचना लिपिवद्ध गर्न आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
- ज्येष्ठ नागरिकको शारिरीक र मानसिक स्वास्थ्यको लागि ज्येष्ठ नागरिक स्वास्थ्य शिविर, तीर्थाटन भ्रमण, मनोरंजनात्मक खेल, योग सिविर जस्ता क्रियाकलापहरु संचालन गरिनेछन ।
- अपाङ्गता भएका व्यक्ति तथा अभिभावकहरुका लागि सीप बिकास तथा स्याहारसीप सम्बधी  तालिम कार्यक्रम संचालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सहायक सामग्री निशुल्क वितरण गरिनेछ ।
- अटिजम भएका बालबालिकाहरुको उत्थान, संरक्षण र शिक्षाका लागि मध्यमकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरिनेछ भने चालु आर्थिक वर्षमा अटिजम भएका बालबालिकाको हेरचाह तथा अभिवावक लक्षित विशेष कार्यक्रम संचालन गरिनेछ ।
- उपमहानगरपालिका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुको सामाजिक क्षेत्रमा परिचालन कार्यलाई थप प्रभावकारी बनाउन कानुनी प्रबन्ध मिलाइनेछ ।

- उपमहानगर क्षेत्रमा रहेका वृद्धाश्रम, बालाश्रम, सेफ हाउस, परिवारमा आधारित हेरचाह केन्द्र, पुनःस्थापना केन्द्र लगायतका अल्पकालीन तथा दीर्घकालीन संरक्षण केन्द्रहरुको नियमित अनुगमन गरिनेछ भने सो संघसंस्थाहरुको वार्षिक व्यवस्थापन योजना माग गरि केन्द्रहरुको थप प्रभावकारी परिचालनक लागि आर्थिक वर्षको पहिलो त्रैमासिकमा नै सम्झौता गरि मासिक/त्रैमासिक रुपमा संचालन अनुदान उपलब्ध गराईनेछ ।
- इटहरीको प्रथम नागरिक थारु समुदाय, आदिवासी जनजाति, मधेशी ,मुस्लिम, अल्पसंख्यक वर्ग लगायत समुदायहरुको भाषा, कला र संस्कृतको विकासका लागि सम्बन्धित समुदायलाई प्रतिनिधित्व गर्ने संघसंस्थाहरुलाई परिचालन गरि विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- थारु समुदायको संरक्षण, सशक्तिकरण र विकासका लागि मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा गर्न घरधुरी सर्वेक्षण गरिनेछ ।
- दलित समुदाय, लोपोन्मुख जातजाति, पिछडा वर्ग, अल्पसंख्यक वर्गहरुको परम्परागत सिप र व्यवसायलाई प्रोत्साहन गर्दै विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- उद्यमशिलताको विकासबाट रोजगारीको अवसर सृजना गर्न संघीय सरकार तथा प्रदेश सरकारसंगको साझेदारीमा लघु उद्यम कार्यक्रम संचालन गरिनेछ ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई सामाजिक अन्तरघुलन मार्फत स्वास्थ्य मर्यादित जीवनयापन गर्न वातावरण तयार गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

## उपभोक्ता हित संरक्षण :

- उपभोक्ता हकहितलाई मध्यनजर गर्दै नियमित रुपमा बजार अनुगमन गरि उपभोग्य वस्तु तथा सेवाको गुणस्तर, मूल्य, परिमाण सुनिश्चितता गरिने छ।

- उपभोक्ता स्वास्थ्यलाई मध्यनजर गर्दै तथा बजार अनुगमनलाई थप प्रभावकारी बनाउनका लागि खाद्य गुणस्तर मापन प्रयोगशाला सुदृढीकरण गर्दै अखाद्य वस्तुहरुको परिक्षण गरिने छ।
- आम उपभोक्ता/व्यवसायी/उद्योगीहरुलाई उपभोग्य वस्तु तथा सेवाको गुणस्तर, मूल्य, परिमाण लगायतका अन्य महत्वपूर्ण विषयमा आमसंचार माध्यम तथा स्थलगत सचेतनामुलक कार्यक्रमहरु संचालन गरि जनचेतना बढाइने छ।
- खाद्य स्वच्छता, पोषण तथा उपभोक्ता शिक्षा कार्यक्रमलाई महत्वका साथ संचालन गरिने छ।
- बजार अनुगमन तथ्यांक व्यवस्थापन गर्नका लागि डिजिटल सिस्टम निर्माण गरिनेछ।

## उद्योग, पर्यटन, तथा संस्कृति प्रबर्द्धन :

- इटहरी उपमहानगरपालिकाको पर्यटन प्रबर्द्धन तथा विकासको लागि आवश्यक स्थानहरुमा सौन्दरिकरण कार्यक्रमहरु छनौट गर्दा पर्या-पर्यटनलाई टेवा पुग्ने प्रकृतिका कार्यक्रमहरुलाई प्राथिमिकताका दिई सञ्चालन गरिने छ।
- बाह्य तथा आन्तरिक पर्यटकहरुलाई इटहरी उपमहानगरपालिका क्षेत्र अन्तर्गत रहेका पर्यटकीय गन्तव्यहरुको जानकारी गराउनका तथा सहज पहुचका लागि पर्यटकीय प्रोफाइल वितरण गरिने छ।
- इटहरी उपमहानगरपालिका क्षेत्र भित्र अवस्थित पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गर्न संचार माध्यम मार्फत तथा अन्य उपयुक्त कार्यक्रमहरु चयन गरि सञ्चालन गरिने छ।
- इटहरी उपमहानगरपालिका वडा नं. १२ खनार शान्ति टोल स्थित एतिहासिक, पुरातात्वीक र साँस्कितक महत्वको रुपमा रहेको राजा खंखड मल गढ थारु संस्कृतिको महत्वको रुपमा रहेको ग्रामथान

संरक्षण, सम्बर्द्धन र प्रवर्धन गरी होसस्टे सञ्चालन गरी थारु संस्कृतिको विकासमा जोड दिइनेछ।

- कला, साहित्य तथा संस्कृतिको जगेर्ना गर्नका लागि आवश्यकता अनुसार प्रशिक्षण, अध्ययन तथा रचनात्मक कार्यक्रमहरु पहिचान गरि सञ्चालन गरिने छ।
- इटहरी उपमहानगरपालिकामा पर्यटन क्षेत्रलाई चलायमान राख्नलाई विभिन्न मार्ट, मौलिक तथा परम्परागत खाना महोत्सव जस्ता गतिविधिहरुलाई प्रोत्साहन गरिनेछ।
- इटहरी उपमहानगरपालिका इटहरी ९ डिभिएम स्कुलको नजिक रहेको सार्वजानिक जग्गामा पार्क निर्माणको निम्ति प्राथमिकतामा राखि आवश्यक बजेट व्यावस्था गरि निर्माण कार्य अगाडी बढाइनेछ । साथै इटहरीको प्रर्यटनमा टेवा पुग्ने मदन पार्क लगायतका अन्य पार्कहरुको विकास तथा विस्तार गरिदै लगिनेछ ।
- कोशी प्रदेशकै महत्वपूर्ण प्रर्यटकिय स्थलको रुपमा विकसित गइरहेको तालतलैयाको बृहत्तर विकासका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गरी पर्यटनको प्रबर्द्धन र विकास गर्ने नितिलाई अवलम्बन गरिनेछ ।

## <u>शिक्षा, युवा तथा खेलकुदः</u>

**सामुदायिक विद्यालयको न्यूनतम भौतिक पूर्वाधारको विकास र विस्तार-**

- विद्यार्थी शिक्षक अनुपात, भौगोलिक सेवा क्षेत्र न्यून भएका दुई वा सोभन्दा बढी विद्यालयलाई विद्यालय नक्साङ्कनका आधारमा शैक्षिक सत्र २०८२ बाट ठूला (BIG) विद्यालय स्थापना गरिनेछ ।
- आगामी शैक्षिक सत्रबाट सामुदायिक विद्यालयमा अध्ययरत बालबालिकाको आवातजावतको भौगोलिक दुरीलाई मध्यनगर गरी बिधालय पहुँचको सहजता बनाउन निम्ति स्कुल बसको सेवालाई क्रमश् अन्य विद्यालयमा विस्तार गर्दै लगिनेछ ।

- खानेपानीको सुविधा नपुगेका (ट्यूवेलको प्रयोग गर्ने) वडामा सञ्चालित सबै सामुदायिक विद्यालयहरुमा शुद्ध पिउने पानीको व्यवस्था मिलाइनेछ ।
- न्यूनतम विद्युत, इन्टरनेट तथा खानेपानी महशुल अनुदानसमेत विद्यालयलाई उपलब्ध गराइने नीति लिइनेछ ।
- विद्यालयको वातावरणलाई स्वच्छ बनाउनका (शौचालय तथा विद्यालय हाता सरसफाइ) लागि आवश्यक जनशक्ति परामर्श सेवाबाट खरिद गरी कार्यन्वयन गर्न विद्यार्थी संख्याका आधारमा अनुदान उपलब्ध गराइनेछ ।
- सामुदायिक विद्यालयहरु/बालविकास केन्द्रहरुमा विद्यार्थी सङख्याका आधारमा अपुग हुने भवन/कक्षाकोठा/घेराबारा/रङ्गरोगन/फर्निचर (डेस्क बेन्च/झयाल ढोका) थप गर्ने तथा मर्मत गर्ने नीति लिइनेछ ।
- इटहरी उपमहानगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुलाई क्रमश स्मार्ट विद्यालयको रुपमा विकास विकास गर्दै लगिनेछ ।
- बालविकास केन्द्रहरुलाई आवश्यक पूर्वाधार सहित नमूना बालविकास केन्द्रको रुपमा विकास गरिनेछ ।

## शिक्षण सिकाइमा सूचना प्रविधिको पहुँच विस्तार

- शैक्षिक सत्र २०८२ बाट विद्यालयहरुमा आवश्यक न्यूनतम सूचना प्रविधि/इन्टरनेट, स्मार्ट बोर्ड, सि.सि.क्यामारा, पुस्तकालय, विज्ञान प्रयोगशाला आदिको प्रबन्ध मिलाइनेछ ।
- यस उपमहानगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयका कक्षाहरुलाई क्रमश प्रविधिमैत्री कक्षाका रुपमा विकास गरिनेछ ।

## पेशागत विकास र सहयोग-

- सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसँग वार्षिक करार सम्झौता गरी न्यूनतम मापदण्ड पूरा गर्ने मा.वि, नि.मा.वि र प्रा.वि तहका

प्रधानाध्यापकहरुलाई प्र.अ.भत्ता बापत क्रमशः रु २०००, १५०० र १००० मासिक रुपमा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

- काठमाडौं विश्वविद्यालयसँग सम्झौता गरी विद्यालयको शैक्षिक अभिवृद्धिका लागि शिक्षकको पेसागत वृत्ति विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- आगामी शैक्षिक सत्रबाट प्रत्येक हप्ताको एक दिन सामुदायिक विद्यालयमा सिप, उद्यमशीलता, खेलकुद, सङ्गित, भाषा, कला, साहित्य तथा नेतृत्व सिप विकास गर्ने कार्यक्रम (Friday for Future) सञ्चालन गरिनेछ,
- आधारभूत तालिम नलिएका प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुलाई आधारभूत तालिमको व्यवस्था मिलाइनेछ ।
- आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यान्वयका लागि आवश्यक शिक्षक तालिमको व्यवस्था गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्नुका साथै शैक्षिक गुणस्तर सुधारका लागि अभिभावक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिक्षकहरुको पेशागत क्षमता विकासका लागि आवश्यक तालिम (शैक्षणिक योजना निर्माण र कार्यान्वयन, विद्यार्थी मूल्याङ्कन र प्रमाणीकरण, शैक्षिक सामग्री निर्माण र प्रयोग, आधुनिक सूचना प्रविधिको सिकाइमा प्रयोग, स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण आदि) सञ्चालन गरिनेछ ।
- प्रधानाध्यापक र विद्यालय कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक तालिम (प्रधानाध्यापक नेतृत्व विकास (बार्षिक बजेट निर्माण, IEMIS मा आधारित विद्यालय लेखा प्राणाली, IEMIS व्यवस्थापन, शैक्षिक योजना निर्माण र कार्यान्वयन) विद्यालय कर्मचारी

(IEMIS) मा आधारित विद्यालय लेखा प्राणाली, दैनिक प्रशासन र अभिलेख व्यवस्थापन, पुस्तकालय व्यवस्थापन) को व्यवस्था गरिनेछ।

**अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइको पहुँच विस्तार**

- अनौपचारिक शिक्षा अन्तर्गतका कार्यक्रमहरु (साक्षरता कक्षा सञ्चालन र निरन्तर शिक्षा सम्बन्धी) सामुदायिक सिकाइ केन्द्र मार्फत सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- विद्यालय उमेर समुहका विद्यालय नगएका र १५ बर्ष माथिका निरक्षरहरुको तथ्याङ्क संकलन गरी अभिलेख अध्यावधिक गरिनेछ ।

**प्राविधिक शिक्षाको पहुँच विस्तार-**

- इटहरी उपमहानगरपालिका र एसओएस हर्मन माइनर स्कूलको साझेदारीमा सञ्चालित प्रविधिक धार (कम्प्युटर इनजिनियरीङ) कक्षा ९-१२ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगर क्षेत्र भित्र सञ्चालनमा नरहेका प्राविधिक धार कक्षा ९-१२ का विषयलाई सामुदायिक तथा सार्वजनिक शैक्षिक गुठीमा सञ्चालित विद्यालयले निजी लगानीमा सञ्चालन गर्न चाहेमा नियमानुसार अनुमति प्रदान गरिनेछ ।

**विद्यालय शिक्षाको पुनर्संरचना-**

- प्रारम्भिक बाल विकास केन्द्र र आधारभूत तह सञ्चालित विद्यालयहरुलाई विद्यार्थी संख्या तथा प्रचलित मापदण्डका आधारमा पुनर्संरचनाको (नयाँ स्थापना, सार्ने, गाभ्ने, बन्द गर्ने र तह घटाउने) व्यवस्था मिलाइनेछ ।
- प्रचलित नियम र मापदण्डका आधारमा दरबन्दी मिलान गर्ने र तहगत न्यूनतम दरबन्दी नपाएका विद्यालयहरुलाई प्रदान गर्दै

आएको शिक्षण सहयोग अनुदान कार्यक्रमलाई निरन्तरता र विस्तार गरिनेछ ।

**विद्यालय नर्सिङ सेवाको विस्तार-**

- शैक्षिक सत्र २०८२ मा प्रत्येक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको स्वास्थ्योपचारको लागि सबै सामुदायिक विद्यालयमा क्रमश विद्यालय नर्सिङ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**विद्यालय शुसासन तथा गुणस्तर-**

- खुला प्रतिस्पर्धाबाट माध्यमबाट पूर्णकालीन प्रधानाध्यापक छनोट गरी प्रधानाध्यापकलाई शैक्षिक गुणस्तरप्रति जवाफदेही र उत्तरदायी बनाउने व्यवस्थालाई कार्यान्वयन गरिनेछ,
- शैक्षिक सत्र २०८२ देखि संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनलाई थप व्यवस्थित बनाई सबै प्रकारका शुल्कहरुमा एकरुपताका लागि आवश्यक व्यवस्था मिलाइनेछ,
- आगामी शैक्षिक सत्रबाट हरित विद्यालय निर्माण कार्यक्रम साथै विद्यालयमा योग, ध्यान, प्राणायम, आयुर्वेद शिक्षालाई कार्यान्वयनको व्यवस्था मिलाइनेछ,
- आगामी शैक्षिक सत्रबाट विद्यालय लेखाङ्कन प्रणालीलाई व्यवस्थित बनाउन दोहोरो लेखा प्रणाली (SAS) को कार्यान्वयन गरिनेछ,
- विद्यालयमा गठन गरिने पूर्व विद्यार्थी समाज, स्काउट, आमा समूह, बाल क्बल, समूह/सदन, जुरेस, युरेस जस्ता समूहको गठन गरी बालबालिकामा सामाजिक भावना, नैतिक शिक्षा, व्यावहारिक सिप विकास गरिनेछ ।
- इटहरी उपमहानगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरुको पोसाकमा एकरुपता कायम गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- विद्यालयहरुमा विदाको समयमा पानी, बत्ती र परिवान शुल्क लिन नपाइने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ ।

- विद्यालय सञ्चालनको अनुमति लिई शैक्षिक सत्रभित्र कक्षा सञ्चालन नगर्ने प्रबृतिलाई निरुत्साहित गरिनेछ।
- दलित, अपाङ्ग, सीमान्तकृत, अति विपन्न, मुसहर तथा लोपोन्मुख जातिलाई राज्यको मूलधारमा पहुँच नपुगेका अन्य बालबालिकालाई विद्यालयमा ल्याउने, टिकाउने र सिकाउने प्रकृतिका कार्यक्रम सञ्चालन गरिनेछ,
- सबै सामुदायिक विद्यालयहरुमा क्रमश  तहगत प्रधानाध्यापकको व्यवस्था गर्दै लगिनेछ  ।
- सबै सामुदायिक विद्यालयहरुमा इ हाजिरी र सिसि क्यामेरा जडान गरी गुणस्तर सुधारका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- त्रैमासिक रुपमा  नगर प्रमुख / उपप्रमुखसँग विद्यार्थी कार्यक्रम सञ्चालन गरिनेछ ।
- अर्धबार्षिक रुपमा प्रधानाध्यापक,विव्यस अध्यक्ष र शिअसंघ अध्यक्ष सहितको अन्तर्क्रिया कार्यक्रम आयोजना गरी विद्यालयको प्रगति समिक्षा गर्ने व्यवस्था मिलाइनेछ ।
- शिक्षा, युवा तथा खेलकुद महाशाखाबाट सम्पादित कार्यक्रमहरुको अर्धबार्षिक तथा बार्षिक प्रगति समीक्षाको व्यवस्था मिलाइनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षा महाशाखामा कार्यरत कर्मचारी विद्यालय व्यवस्थापन समितका अध्यक्ष,प्रधानाध्यापक र शिक्षकहरु को कार्य सम्पादन करार सम्झौता गरी कार्यान्वयन गरिनेछ ।
- शिक्षक कर्मचारीहरुलाई सिकाइ उपलब्धिका आधारमा आवश्यक मापदण्ड बनाइ दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।
- विद्यार्थीमा अन्तर्निहित खेल तथा गीत संगीत क्षेत्रको विकासका लागि यस उपमहानगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुलाई परामर्श सेवा खरिदबाट प्रशिक्षक व्यवस्थापनका लागि एकमुष्ट अनुदान रकम उपलब्ध गराइनेछ ।

- शैक्षिक सत्र २०८२ देखि स्थानीय विषयको पाठ्यक्रम अन्तर्गत इटहरीको सेरोफेरो (कक्षा १-८) र थारु भाषाको पाठ्यपुस्तक (कक्षा १-५) विकास गरी लागूगर्ने व्यवस्था मिलाइनेछ ।
- संस्थागत तथा सामुदायिक विद्यालयका शैक्षिक तथा आर्थिक गतिविधि सहितको प्रगति प्रतिवेदन अर्ध वार्षिक रुपमा अभिभावक भेला आयोजना गरी सार्वजनिक सुनुवाइ गर्ने व्यवस्था मिलाइनेछ ।
- नगर शिक्षा योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- ५० बर्ष उमेर पूरा गरी ३० बर्ष स्थायी नोकरी अवधि पूरा गरेका १ बर्ष भन्दा बढी सेवा अवधि बाकी रहेका शिक्षक तथा कर्मचारीहरुले सेवाबाट स्वेच्छिक राजिनामा गरेमा एकमुष्ट प्रोत्साहन उपलब्ध गराइनेछ ।
- कक्षा १२, एसइइ, कक्षा ८ र कक्षा ५ को अन्तिम परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने एक छात्रा, एक छात्रलाई प्रोत्साहनगर्न पुरस्कारको व्यवस्था गरिनेछ ।
- निजी तथा सामुदायिक शिक्षण संस्था बिच भगिनी सम्बन्ध स्थापित गराई सामाजिक उत्तरदायित्व बहनगर्ने वातावरण तयार गरिनेछ ।
- शैक्षिक सत्र २०८२ देखि सामुदायिक विद्यालयहरुमा न्यूनतम रुपमा सङ्गित, खेलकुद, नृत्य शिक्षकको व्यवस्था गरिनेछ ।
- आगामी आर्थिक वर्षबाट इटहरी उपमहानगरपालिकाभित्र सङ्गित क्षेत्रको विकासको लागि सङ्गित शिक्षाको सम्भाव्यता अध्ययन गरिनेछ ।

## युवा तथा खेलकुद

- सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययरत विद्यार्थीहरुको खेल क्षेत्रको विकासको लागि स्कुल टु ओलम्पिक कार्यक्रम सञ्चालन गरिनेछ ।

- नगर खेलकुद विकास समिति गठन तथा कार्यालय सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- राष्ट्रपति रनिङ्ग शिल्डप्रतियोगीता सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- अन्तराष्ट्रिय, राष्ट्रिय, प्रदेशस्तरीय र जिल्लास्तरीय खेलकुद प्रतियोगीतामा उत्कृष्ट खेल प्रदर्शनगर्ने नगर भित्रका खेलाडीहरुलाई सम्मान र पुरस्कारको व्यवस्था मिलाइनेछ ।
- नगरस्तरीय खेलकुद प्रतियोगीता (मेयर कप, फुटबल, भलिबल, उसु, कराँते, तेक्वान्दो, टेवल टेनिस, ब्याडमिण्टन, एथेलेटिक्स, क्रिकेट, म्याराथुन, फुटसल, फेन्सिङ, बास्केटबल, बुद्धिचाल, स्नुकर आदि ) सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- नगरस्तरीय उपप्रमुख कप (भलिवल र फुटबल) सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- खेलकुदसँग सम्बन्धित संस्थाहरु उपमहागरपालिकामा दर्ता गरी खेल क्षेत्रको विकासलाई ब्यवस्थित बनाइनेछ ।
- खेलसँग सम्बन्धित सम्पूर्ण कार्यक्रमहरु नगर खेलकुद विकास समितिको निर्णयानुसार सञ्चालन हुने ब्यवस्था मिलाइनेछ ।
- अन्तर्ष्ट्रिय,राष्ट्रिय, प्रदेशस्तरी , जिल्लास्तरीय तथा अन्तर पालिकास्तरीय खेलकुद प्रतियोगीतामा सहभागीताको ब्यवस्था मिलाइनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेका खेल मैदानहरुलाई स्तरोन्नति गर्दै लगिनेछ ।
- नगरस्तरीय अपाङ्ग खेलकुद प्रतियोगीता सञ्चालन गरिनेछ ।
- इटहरी उपमहानगरपालिका वडा नं. ९ मा सञ्चालित कोशी प्रदेशको स्वामित्वमा रहेको रंगशालालाई उपमहानगरपालिकले स्वामित्वलिइ सञ्चालनगर्न आवश्यक पहल गरिनेछ ।
- इटहरी उपमहानगरपालिका अन्तर्गत बसोबासगर्ने १५-४५ बर्षका युवाहरुको रोजगारी र खेल क्षेत्रको संलग्नता देखिने लगत संकलन गरिनेछ ।

- इटहरी उपमहानगरपालिकामा दर्ता भएका खेलसँग सम्बन्धित संस्थाहरुलाई प्रतियोगीता सञ्चालनका लागि आवश्यक खेल सामग्रीहरु उपलब्ध गराइनेछ ।
- नगर खेलकुद सञ्चालन नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नगर क्षेत्रभित्र विभिन्न स्थानमा क्रमश खुल्ला व्यायामशाला स्थापना गर्दै लगिनेछ ।
- क्रिकेट क्षेत्रको सम्बर्द्धन,विकास र प्रवर्धनका लागि क्रिकेट मैदानको डिपिआर तयार गरी दिर्घकालिन योजना बनाइनेछ ।
- क्रिकेट सिटि इटहरी अवधारणा अनुरुप मेयर कप इटहरीलाई निरन्तरता दिँदै वृहत बनाइनेछ ।

## कृषि बिकास :

- कृषिमा आधुनिकिकरण, यान्त्रिकरण, ब्यबसायिकरण र वजारीकरणलाई जोड दिइनेछ ।
- सिंचाईको लागि कृषि भूमिको उत्पादन र उत्पादकत्व बृद्धि गर्न साना सिंचाई, मोटर वोरिङ्ग तथा कुलोपैनीका लागि अनुदान उपलब्ध गराउने ब्यबस्था मिलाइनेछ ।
- कृषकहरुको क्षमता विकासका लागि विभिन्न किसिमका तरकारी, फलफुल, च्याउ, खाद्यान्न वाली लगायतका तालिम गोष्ठि आदी कार्यक्रमको ब्यबस्था गरिनेछ ।
- कृषकहरुको व्यबसायमा टेवा पुर्याउदै उत्पादन र उत्पादकत्व बृद्धि गर्न उन्नत तथा वर्णशंकर जातको तरकारीको वीउ उन्नत खाद्यान्न च्याउ लगायतका वालीको वीउ अनुदानमा उपलब्ध गराउने व्यस्था मिलाइने छ ।

- कृषिको आधुनिकीकरण तथा ब्यबसायिकरणमा उत्पादन लागत कम गर्न आधुनिक तरिकाले तरकारी तथा खाद्यान्न वालीको खेती गर्न प्रोत्साहित गर्ने उदेश्यले आधुनिक कृषि उपकरण जस्तैः स्प्रेयर,मकै छोडाउने मेसिन कृषि औजारहरु अनुदानमा उपलब्ध गराइनेछ ।
- कृषि सम्बन्धी सूचना संप्रेषण तथ्याङ्क संकलन माटोको उत्पादन क्षमता र रासायनिक गुणको परिक्षण गराई कृषि चुना वितरण गरिनेछ ।
- कृषकहरुका लागि रासायनिक मल समयमा उपलब्ध गराउन सरकार तथा विभिन्न सरोकार निकायहरुसंग समन्वय गरिनेछ ।
- खाद्यान्न वालीको उन्नत वीउ उपयोग (धान,गहुँ) को वीउमा अनुदान ब्यबसायिकरण आधुनिकिकरणमा जोड दिइ आत्म निर्भर गरिनेछ ।
- एक वडा एक उत्पादन कार्यक्रममा वाली उत्पादन हुने वडा पहिचान गरी प्याज, आलु खेतीलाई जोड दिइनेछ ।

## पशुपन्छी विकास

- **"प्रयोगशालामा आधारित उपचार सेवा, पशुधनको रक्षामा टेवा"** भन्ने नाराका साथ पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापनका लागि प्रयोगशाला, तालिम हल सहितको भेटरिनरी अस्पतालमा विशेषज्ञ सहितको भेटेरीनरी अस्पताल संचालनमा ल्याई आम पशुपालन क्षेत्रको लागि नविनतम कार्यको शुभारम्भ गरिनेछ । उक्त सेवा प्रदान गर्न मौजुदा जनशक्ति अपुग हुने भएकोले थप विशेषज्ञ जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- **"दुध, फुल, मासुमा वृद्धि, इटहरीको सम्बृद्धि"** भन्ने नाराका साथ आम युवाहरूलाई विदेश पलायन हुनबाट रोकी स्वदेशमा नै रोजगारी सिर्जना गर्ने हेतुले **मागको आधारमा अनुदान कार्यक्रम** संचालन गरिनेछ ।
- कम उत्पादनशिल पशुहरूलाई उत्पादनशिल पशुको रूपमा विकास गरी पशु तथा पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न पशु

नश्ल सुधार पद्धतिको विकास र व्यवस्थापनको निमित्त कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- बाह्रै महिना हरियो घाँसमा आधारित पशु पालन पद्धतिको विकास गरी उत्पादन लागत घटाउन हिउँदे तथा वर्षे घाँस विस्तारका लागि **उत्पादनमा आधारित हरियो घाँस विस्तार** कार्यक्रम संचालन गर्नुका साथै सुख्खा मौसममा पनि पोषिलो आहारा उपलब्ध गराउन हरियो घाँसलाई संरक्षण गर्ने प्रविधिको अवलम्बन गरिनेछ ।
- न्यून आय भएका कृषकहरूको गाई/भैसीलाई कुपोषण हुनबाट जोगाई उत्पादकत्व वृद्धि गर्न सुत्केरी पोषण वितरण कार्यक्रमलाई निरन्तरता दिई किसानलाई प्रोत्साहन गरिनेछ ।
- पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगहरूको नियन्त्रणको निमित्त कृषकको घरदैलोमा आकस्मिक उपचार सेवा प्रदान गरिनुका साथै विभिन्न महामारी रोग विरूद्धको नियमित रूपमा निःशुल्क खोप कार्यक्रम सञ्चालन गरिनेछ ।
- किसानको घरदैलोमै सेवा पुऱ्याउन निःशुल्क रूपमा पशु स्वास्थ्य शिविर, आन्तरिक तथा बाह्य परजिवि नियन्त्रणको लागि ड्रेन्चिङ तथा डिपिङ कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला, दलित, आदिवासी जनजाति, थारू, मुस्लिम तथा पिछडा वर्ग लक्षित कुखुरा पालन कार्यक्रम सञ्चालन गरी पारिवारिक पोषण तथा आयआर्जनमा टेवा पुऱ्याईनेछ ।
- पशुपन्छी सम्वन्धी प्रविधि प्रसार र क्षमता विकासको लागि कृषक तथा कर्मचारीहरूलाई विभिन्न क्षमता अभिवृद्धि कार्यक्रम सन्चालन गरिनेछ ।
- पशुपन्छीहरुलाई लाग्ने विभिन्न किसिमका रोगहरुको निदान गरी तिनका नियन्त्रणका लागि आवश्यक औषधि, खोप तथा घुम्ति शिविरको व्यवस्था मिलाईनेछ ।

- **"गोठ देखि ओठ सम्म" र "वधशाला देखि भान्सा सम्म"** भन्ने नाराका साथ मानव स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने पशुजन्य पदार्थको उत्पादन देखि उपभोगसम्मको स्वच्छ मासु उत्पादन तथा स्वच्छ दुध उत्पादन प्रकृया बारे जनचेतना मूलक गोष्ठी तथा प्रशोधन कार्यक्रम सञ्चालन खगरिनेछ ।
- पशुपन्छी सम्वन्धी बिमा र कृषि कर्जा वास्तविक व्यवसायिक कृषकको पहुँचसम्म पुऱ्याउन सरोकारवाला संस्थाहरूसँग अन्तरकृया/गोष्ठी कार्यक्रम सञ्चालन गरिनेछ ।
- बजारमा माछाको बढ्दो मागलाई ध्यानमा राखी स्थानीयस्तरमा रहेको मत्स्यपालन व्यवसायी कृषकहरूलाई प्रोत्साहन गरी मत्स्य विकास गर्न माछा सम्वन्धि देखा पर्ने विभिन्न समस्याहरूको निराकरण गर्न निःशुल्क माछा शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुपालन व्यवसायलाई प्रविधि मैत्रि, आधुनिकिकरण, यन्त्रिकरण गरी प्रति इकाई उत्पादन लागत घटाउन र उत्पादकत्व वृद्धि गर्न विभिन्न किसिमका यन्त्र उपकरण उपलब्ध गराई व्यवसायिक फार्म संचालन गरिरहेका कृषकहरूलाई प्रोत्साहन गरिनेछ ।
- स्वस्थ पशु, स्वच्छ तथा गुणस्तरीय पशुजन्य उत्पादनलाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा बजारीकरणको लागि व्यवसायिक पशुपालन फार्म सञ्चालन गरिरहेका कृषकहरूलाई **"पशुपालन असल अभ्यास"** (Good Husbandry Practice GHP) सम्वन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**सहकारीः**

- अर्थतन्त्रका प्रमुख तिन खम्वा मध्येको एक सहकारी क्षेत्रलाई आम नगरवासीहरुको जीवनसँग आवद्ध गराई उद्यमशिलता विकास मार्फत रोजगार प्रवर्द्धन गर्न सहकारीलाई परिचालित गरिने छ ।

- सहकारी सँग सम्वन्धित समग्र कानुनहरुको परिपालना गराउदै सहकारी संस्था र सहकारी सदस्यहरुको हित प्रवर्द्धनलाइ सुनिश्चितता गरिनेछ ।
- सहकारी ऐन, कानुन वमोजिम सहकारी संस्था संचालन गर्न सरोकारवाला लाई सू-सूचित गराइने छ ।
- सहकारीको मुल्य मान्यता र व्यवस्था वमोजिम हकारीहरुलाई सदस्य केन्द्रित र कार्यक्षेत्र भित्र मात्र कारोवार गर्न उत्प्रेरित गर्दै कार्यक्षेत्र वाहिर कारोवार गर्ने कार्यलाई निरुत्साहित गरिने छ ।
- सहकारी ऐन, नियमावली वमोजिम संचालक समिति र लेखा सुपरिवेक्षण समितिमा रहन नपाउने सम्वन्धि व्यवस्थालाई कडाईका साथ लागु गरिने छ ।
- सहकारी संस्थाको उद्धेश्य अनुरुपको कार्य गर्न प्रोत्साहन गर्दै लगिने छ ।
- सहकारीसँग सम्वन्धित सहकारी तथा गरिवि सम्वन्धी व्यवस्थापन सुचना प्रणाली (COPOMIS) मा इटहरी उपमहानगरपालिकाभित्रका सहकारी संस्थाहरुको अवद्धता वृद्धि गर्दै COPOMIS मा रहेका सम्पुर्ण तथ्याङ्क प्रविष्ट गर्दै लैजाने व्यवस्था मिलाइने छ ।
- नगर क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गर्दै पुँजीको सही परिचालन मार्फत सदस्यहरुको उद्यम प्रवर्द्धनमा केन्द्रित गर्न नियमित रुपमा निरिक्षण एवं अनुगमनको व्यवस्था गरिनेछ ।
- प्रचलित सहकारी ऐन, कानुन मुताविक सहकारी संस्थाहरुको एकिकरण लाई प्रोत्साहन गरिने छ। उत्पादन, बजारीकरण तथा नवप्रवर्तनमा संलग्न सहकारी संस्थाहरुको प्रवर्द्धनका लागि प्राविधीक र वस्तुगत सहायता प्रदान गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । साथै त्यस्तो कार्यमा संलग्न हुन चाहने नगरभित्रका सहकारी संस्था मध्ये कम्तिमा २ वटा सहकारी संस्थालाई नमुना सहकारी संस्थाको रुपमा छनौट गरी सहकारी प्रवर्द्धनका थप कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सहकारी संस्थाको संस्थागत क्षमता अभिवृद्धिका लागि संचालक समिति/लेखा सूपरीवेक्षण समिति/अन्य उपसमिति/सदस्यहरु र कर्मचारीहरुलाई सहकारी सम्वन्धि विभिन्न तालिम, अन्तरकृया, गोष्ठी तथा सहकारी सचेतना लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- सहकारी गतिविधिको जानकारी तथा असल अभ्यास आदान प्रदानको लागि नगर सहकारी समिति र सहकारी शाखाका कर्मचारीको सहकारी अवलोकन भ्रमण कार्यक्रम गरिने छ ।

- सहकारी सम्वन्धि सचेतना अभिवृद्धि गराई सामाजिक संलग्नता अभिवृद्धि गर्न सहकारी सम्वन्धि ब्रोसर प्रकाशनको माध्यमवाट सरोकारवाला लाई जानकारी प्रदान गरिने छ ।
- नगरका नियमन क्षेत्र भित्रका सहकारी संस्थाहरुलाई लक्ष्य अनुरुप सञ्चालन गर्न प्रेरित गर्दै त्यस्ता सहकारी संस्था मध्ये उत्कृष्ट सहकारी संस्थालाई पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ ।
- सहकारी शाखाका कर्मचारीहरुको क्षमता अभिवृद्दिको लागि आफ्नै आयोजना वा अन्य निकायको आयेजनामा हुने तालिम कार्यक्रममा सहभागि गराइने छ ।
- नगरको नियमन क्षेत्र भित्रका सहकारी संस्थाहरुबाट तथ्य, तथ्यांक संकलन, प्रशोधन र विश्लेषण गरी सहकारी संस्थाको स्तरिकरण गर्ने व्यवस्था मिलाइनेछ ।
- सहकारी संस्थामा आवद्द सेयर सदस्यहरु लाई वित्तिय साक्षरता सम्वन्धि कार्यक्रम संचालन गरिने छ ।
- नगर क्षेत्र भित्रका प्रत्येक सहकारी संस्थाहरुले सदस्य शिक्षा कार्यक्रम अनिवार्य रुपमा संचालन गर्नु पर्ने व्यवस्था कडाइका साथ लागु गर्दै लगिने छ ।
- नगरभित्र संचालित सहकारी संस्थाहरुले आफ्ना सदस्यहरुको वचत रकम सुरक्षित गर्ने र सदस्यहरुले समेत आफुले लिएको ऋण समयमै तिर्ने कानुनि व्यवस्थाको पालना गराउन गम्भिर भएर लागिने छ ।
- एक व्यक्ति एकमात्र विषयगत सहकारीको सदस्य हुन पाउने कानुनी व्यवस्थाको अनिवार्य पालना गराउन र एक सदस्यद्धारा अनेक सहकारी वाट ऋण लैजाने परिपाटिको अन्त्यको लागि आवश्यक नियमन गर्दै लगिनेछ ।
- सहकारीमा देखापरेको समस्या समाधानको लागि आवश्यकताको आधारमा सहकारी/लेखा विज्ञ परामर्श सेवा लिइनेछ ।
- निष्कृय सहकारी संस्थालाई नियमानुसार खारेजीको प्रकृयामा लगिने छ ।
- ऐन, नियम वमोजिम संचालित सहकारी संस्थलाई पुरस्कार र ऐन, नियम विपरित संचालित सहकारी संस्थालाई कानुन वमोजिम दण्ड र कार्यवाहिको व्यवस्था क्रमशः कार्यान्वयन गर्दै लगिने छ ।

## सुशासन, सेवा तथा मानव संसाधन विकास :

- भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलताको नीतिलाई कडाईका साथ लागू गरिनेछ। यसका लागि सुशासन तथा संस्थागत विकास समितिलाई थप सक्रिय बनाई नीतिगत, संस्थागत संरचना र व्यवहारगत पक्षहरुमा विद्यमान रहेका समस्याहरुको पहिचान गरी निराकरणका लागि आवश्यक कदमहरु अवलम्वन गरिनेछ।
- कर्मचारी कल्याण कोषमा प्रत्येक बर्ष ३ करोड रकम विनियोजन गरी कर्मचारी अवकास पछिको सुविधा समयमानै पाउने सुनिश्चित गरिनेछ।
- कर्मचारीहरुको पेशागत दक्षता अभिबृद्धि गर्न क्षमता विकासका कार्यक्रमहरुलाई निरन्तरता दिईने छ। मौद्रिक र गैरमौद्रिक विधिहरु अपनाई कर्मचारीको उत्प्रेरणा र मनोवल उच्च बनाईने छ। कर्मचारी सेवाकालिन तालिम कार्यक्रम, दीर्घसेवा पदक कार्यक्रम, उत्कृष्ट कर्मचारी सम्मान कार्यक्रम, कर्मचारी खाजाभत्ता सुविधा, गोल्डेन हेन्डसेक कार्यक्रमलाई निरन्तरता दिईनेछ। अतिरिक्त समयमा कार्यसम्पादन गर्ने कर्मचारीको प्रोत्साहनका लागि कार्य प्रगति तथा रुजु हाजिरीको आधारमा प्रोत्साहन सुविधा उपलब्ध गराईनेछ।
- सेवा उत्पादन देखि उपलब्धी वितरण सम्म सेवाग्राहीको सहभागिता र योगदान सुनिश्चित गर्न **"नगरवासी संग संगै उपमहानगर"** कार्यक्रम सञ्चालन गरिनेछ।
- **"असल शासनका लागि समय सापेक्ष कर्मचारी प्रशासन"** लाई मूर्तरुप दिन यस पालिकाको संगठन तथा व्यवस्थापन (O&M) लाई परिमार्जन गरिनेछ, HRM Software लाई परिस्कृत गरिनेछ, कर्मचारी सरुवा तथा तहबृद्धि जस्ता कार्यलाई अनुमान योग्य, नियमित र स्वचालित प्रणालीको रुपमा विकास गरिनेछ।
- वडा कार्यालयलाई नागरिक सेवा प्रवाह विन्दु (डेलिभरी प्वाईन्ट) को रुपमा विकास गरिनेछ। अधिकृतस्तरका कर्मचारीलाई मात्र वडा सचिवमा खटाई थप अधिकार प्रत्यायोजन गरी अधिकांश सेवाहरु वडा कार्यालयहरुबाट नै लिन सकिने व्यवस्था मिलाईनेछ। वडाबाट संचालित योजना तथा कार्यक्रमको भुक्तानी वडाबाट नै हुने व्यवस्था क्रमशः मिलाईनेछ।
- कार्यालयबाट प्रवाह हुने सेवालाई चुस्त दुरुस्त, पारदर्शी र नागरिक मैत्री बनाउन डिजिटल नागरिक वडापत्र लागू गरिनेछ, सेवा प्रवाह प्रक्रिया सरलीकृत गरी नतिजामुखी बनाउन आबश्यक पहल गरिनेछ।
- गुनासो सुन्ने अधिकारी तोकी कार्यालय सम्वन्धी गुनासोलाई एकद्वार प्रणाली मार्फत यथाशीघ्र सम्बोधन गर्ने व्यवस्था मिलाईने छ।

- सेवा प्रवाहमा निरन्तर सुदृढीकरणका साथै सेवाग्राही संतुष्टि समेत मापन गर्न "**नागरिक सर्वेक्षण (Exit Poll)"** को ब्यवस्था मिलाईनेछ ।
- **"विचारमा समझदारी, विकासमा साझेदारी**" नीतिलाई आत्मसाथ गरि विकास प्रशासन अघि बढाईनेछ।
- उपमहानगरपालिकामा काम काज गर्दै आएका दैनिक तथा मासिक ज्यालादारी कर्मचारीले पाउने तलव सुविधालाई निज कार्यरत तह वा श्रेणीका स्थायी कर्मचारीले पाए सरह उपलब्ध गराईनेछ ।
- उपमहानगरमा बहाल कर्मचारी कल्याणका लागि एउटा छुट्टै **"स्थानीय कर्मचारी कल्याण कोष"** खडा गरिनेछ जसमा कर्मचारी दरबन्दी तेरिजको आधारमा उपमहानगरबाट प्रति महिना प्रति कर्मचारी रु.५०।- र कार्यरत प्रत्येक कर्मचारीबाट प्रति महिना रु.५०।- जम्मा गरीनेछ। उक्त कोष संचालनका लागि छुट्टै कार्यविधि तर्जुमा गरी लागु गरिनेछ ।
- इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा जोखिम क्षेत्रमा कार्यरत (प्राविधिक, नगर प्रहरी, वारुणयन्त्र, विद्युत, सवारी चालक, सहचालक) कर्मचारीहरुको ५ (पाच) लाखसम्मको दुर्घटना बिमा गराइने प्रबन्ध गरिनेछ ।
- यस उपमहानगरपालिकामा कार्यरत ज्यालादारी कर्मचारीहरुलाई अन्य कर्मचारीले पाउने पोशाक भत्ता सरह नै बार्षिक रुपमा उपलब्ध गराइनेछ ।
- यस उपमहानगरपालिकामा कार्यरत अस्थायी, करार, ज्यालादारी सबै कर्मचारीहरुलाई आगामी आर्थिक वर्ष २०८२।०८३ देखि नेपाल सरकारले स्वीकृत गरे बमोजिमको सामाजिक सुरक्षा कोष कार्यक्रममा सहभागी गराइनेछ।
- चालु खर्चको विनियोजित रकम एउटा शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गर्नुपरेमा वा चालु शीर्षकबाट पूँजिगत शीर्षकतर्फ रकमान्तर गर्नुपरेमा कार्यपालिकाको निर्णय अनुसार रकमान्तर गरिनेछ ।
- ठेक्का बन्दोबस्त गरी थपघट हुँदा सञ्चित कोषमा बचत हुन आएको रकम कार्यपालिकाको पूर्व निर्णय अनुसार खर्च गर्ने नीति अबलम्बन गरिनेछ ।

**नगर प्रहरी :**

- इटहरी उपमहानगर, नगर प्रहरी ऐन जारी गरी नगर प्रहरी बलको गठन तथा परिचालनलाई ब्यवस्थित गरिनेछ ।
- जोखिममुक्त काममा संलग्न नगर प्रहरी कर्मचारी, बारुणयन्त्रमा कार्यरत कर्मचारीको दुर्घटना वीमा तथा सफाईमा कार्यरत कर्मचारीको सामूहिक स्वास्थ्य वीमा गरिनेछ ।

- नगर प्रहरी, ट्राफिक प्रहरी र नेपाल प्रहरीको कार्यगत एकता अभिबृद्धि गरी छाडा चौपायामुक्त सडक, खुल्ला सडकपेटी र सुरक्षित यात्रा कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
- इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी र वारुणयन्त्रमा कार्यरत सबै कर्मचारी आगामी आर्थिक वर्षदेखि हाल खाईपाई आएकामा रासन भत्तामा थप रु १ (एक) हजारका दरले उपलब्ध गराइनेछ ।

## सूचना तथा संचार प्रविधिः

इटहरी उपमहानगरपालिकाबाट प्रवाह हुने सेवा सुविधाका साथै राज्यका बिभिन्न अंग र निकायबाट प्रकाशन तथा प्रशारण हुने लोककल्याणकारी सुचना तथा बिज्ञापनलाई थप व्यवस्थित गरी सुसुचीत गराउन पत्रकार जगत तथा आम सञ्चार माध्यमको प्रयोग अपरीहार्य हुन आउछ अतः यी कार्यहरुलाई व्यवस्थित तवरबाट सञ्चालन गर्न तपशिल बमोजिमको नीति अख्तियार गरिनेछ ।

- फिचर लेखन तालिम, फेलोसिप लेखन तथा पत्रकार सम्मान आदि कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- सहरका मुख्य मुख्य चोकहरुमा फ्री वाईफाई जोन बनाउँने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- इटहरी भित्रका एफ.एम.रेडियो, टेलिभिजन र अनलाईन मिडियाहरुलाई उपलब्ध गराउँदै आएको कार्यक्रमलाई निरन्तरता दिंदै सामाजिक सञ्जालको सञ्चालन तथा अधिकतम प्रयोग मार्फत् जनचेतना, कृषि सेवा, यातायात तथा ट्राफिक सूचना, बजार मूल्य, विपद् तथा महामारीविरुद्ध सचेतना तथा विकासका गतिविधिहरूको सूचना सम्प्रेषण गरिनेछ ।
- सार्वजनिक महत्वका आवश्यक स्थानहरूमा निजी क्षेत्र समेतको सहभागितामा निःशुल्क इन्टरनेटको प्रबन्ध गरिनेछ ।
- कर्मचारीहरुलाई सूचना प्रविधि तथा ई-गभर्नेन्स सम्वन्धी तालिमको व्यवस्था गरिनेछ ।
- नगरवासीहरुलाई सूचना प्रविधिमैत्री बनाउन क्रमशः नगरपालिका परिसर, वडा कार्यालयहरु र महत्वपूर्ण स्थानहरुमा वाईफाई फ्री जोनलाई बिस्तार गरिनेछ ।

- मोवाइल एपद्धारा सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।
- नगर सरकारको वेव पेजमा नै सवै वडा कार्यालयहरुलाई आवद्ध गरि वडाका सवै गतिविधिहरु सम्वन्धित वडाको वेब पेजमा राख्ने व्यवस्था मिलाइनेछ ।
- डिजिटलाइज्ड नागरिक बडापत्र यस कार्यालय र अन्तर्गतका कार्यालयहरुमा यसै आ.व.मा राखिनेछ ।
- इटहरीलाई सूचना प्रविधि मैत्री डिजिटल नगर निर्माण गरिनेछ ।
- नविन्तम सूचना प्रविधिलाई ध्यान दिँदै प्रत्येक बिधालयमा एआइ सम्बन्धि सचेतना मुलक कार्यक्रम गरिनेछ ।

**तथ्यांक तथा भूमि ब्यवस्थापन :**

- नगरभित्रका भूमिहीन तथा अब्यवस्थित बसोवासिलाई तथ्यमा आधारित रही उचित ब्यवस्थापन गरिनेछ ।
- कार्यालयमा रहेका तथ्यांकहरुलाई क्रमशः विद्युतीय प्रणालीमा अभिलेख राखिनेछ ।
- सरकारी ऐलानी जग्गाको संरक्षण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

## न्याय सम्पादन तथा कानून निर्माण :

- न्याय सम्पादनलाई सहज र प्रभावकारी बनाउन उपमहानगरपालिकामा सूचिकृत मेलमिलापकर्ताहरुलाई कार्य सम्पादनको आधारमा पुनःसुचिकृत गरिनेछ भने इटहरी उपमहानगरपालिका भित्र तालिम प्राप्त गरेका व्यक्तिहरुलाई लैङ्गिक समावेसिता र आवश्यकताका आधारमा न्यायिक समितिको मेलमिलापकर्ताको रुपमा सूचिकृत गरिनेछ ।
- न्यायिक समितिको कार्य सम्पादनलाई चुस्त दुरुस्त र प्रविधिमैत्री बनाउन सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल सहज र पहुँचयोग्य बनाउदै न्यायिक समितिको अभिलेखिकरणलाई व्यवस्थित गर्न सफ्टवेयर प्रणाली जडान गर्ने निरन्तरता दिइनेछ ।
- स्थानीय तहको एकल अधिकारका रुपमा संविधानमा उल्लिखित बिषयसँग सम्बन्धित नीति ऐन नियमावली तथा कार्यविधि तर्जुमा गरी

कार्यान्वयनमा ल्याइनेछ तथा साझा अधिकार सम्बन्धि विषयमा कानुन निर्माणका लागि प्रदेश र संघीय सरकारसँग समन्वयको कार्यलाई निरन्तरता दिइनेछ ।

- न्यायिक समितिका पदाधिकारी र कर्मचारीहरुबाट असल अभ्यास भएका स्थानीयतहका केही न्यायिक समितिहरुको अवलोकन गरी गराइ त्यहा भएका असल अभ्यासहरुलाई आत्मसाथ गरी हाम्रो न्यायिक समितिलाई परिस्कृत सेवा प्रवाह गर्न सुधारात्मक उपायहरुको अवलम्बन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- न्यायिक समितिमा विवाद दर्ता गराएका हिसापिडितहरु एवम् न्यायिक समितिका पदाधिकारीहरु तथा कर्मचारीहरुका लागि मनोसामाजिक परामर्श (psycosocial Concelling) तालिम प्रदान गरिनेछ ।
- स्थानीय तहसँग सम्बन्धित समसामयिक कानून र व्यवाहारिक समस्या सम्बन्धमा जनप्रतिनिधी, मेलमिलापकर्ता र कानून शाखा विच अन्तरक्रिया, छलफल गोष्ठि संचालन गरि वडास्तर बाट प्रवाह हुने सेवालाई थप प्रभाबकारी बनाइनेछ ।
- प्रत्येक वडामा कानूनी साक्षरता अभिवृद्धि गर्न कम्तीमा एक/एक वटा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- न्याय सम्पादनको क्रममा जेष्ठ नागरीक, भिन्न क्षमता भएका साथै बालबालिकाहरुलाई प्राथमिकता दिईनेछ।
- न्यायिक समितिको सवलिकरण गरी न्याय सम्पादनको कार्य वस्तुनिष्ट ढंगले गर्न न्यायिक समितिलाई प्रशिक्षित गरी क्षमता अभिवृद्धि गर्न आवश्यक बजेट व्यवस्थापन गरी सम्मानित श्री सुनसरी जिल्ला अदालतले दिएको सुझाव कार्यान्वयन गर्दै लगिनेछ ।
- न्यायिक समितिको अधिकार क्षेत्रभित्रका विवादहरुको निरुपण, मेलमिलाप गर्न तथा उपमहानगरपालिकाका लागि आवश्यक नीति तथा कानूनको निर्माण र परिमार्जन, संशोधन गर्दै कार्यान्वयन गरिनेछ ।
- कानून निर्माणको कार्य प्रक्रियालाई थप व्यवस्थित र प्रभावकारी बनाउदै लगिनेछ ।

- सुनसरी जिल्लाभरिका न्यायिक समितिहरु बिचमा हुदै आएको मासिक अन्तरक्रिया कार्यक्रमलाई अझ प्रभावकारी बनाउन विषेश पहल गरि निरन्तरता दिइनेछ ।

**रोजगार :**

- स्थानिय तह भित्र रहेका बेरोजगार व्यक्तिहरुको सूचि संकलन गरी रोजगार व्यवस्थापन सूचना प्रणाली प्रविष्टी गरी आवश्यक रोजगार सेवा र सहायता प्रदान गरिनेछ ।
- प्रत्येक बेरोजगार व्यक्तिलाई रोजगारीको हक सुनिश्चित गर्न, आफ्नो क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गरिनेछ ।
- "श्रमको सम्मान, राष्ट्रको अभियान" भन्ने नाराका साथ इटहरी उप-महानगरपालिकाको विकास निर्माण सम्बन्धी साझेदारीका आयोजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई काममा अनिवार्य लगाउनु पर्ने नीति अवलम्बन बनाइनेछ ।
- रोजगार सेवा केन्द्रबाट नागरिकलाई व्यावसायिक सीप विकास, रोजगार प्रवर्द्धन, उत्पादनशील रोजगार सिर्जना, उद्यमशीलता प्रवर्द्धन, आप्रवासन लगायतका एकीकृत श्रम तथा रोजगार सेवा प्रदान गरिनेछ ।
- स्थानीय तह भित्र बैदेशिक रोजगारीमा जाने तथा जान चाहनेहरुका लागि सूचना तथा परामर्श प्रदान गरिने छ ।
- बैदशिक रोजगारीमा जाने व्यक्तिहरुलाईका लागि प्रधान गरिने श्रम स्वीकृति र पुन : श्रमस्वीकृतिको कार्यलाइ थप प्रभावकारी बनाइनेछ ।
- वैदेशिक रोजगार वोर्डको सचिवालयबाट प्रदान गरिने कल्याणकारी सेवाहरु जस्तौ बैदेशिक रोजगारीमा गएका कामदारको परिवारले पाउने स्वास्थ्य उपचार सहयोग, छात्रवृत्ति सहायता, हकवालालाई आर्थिक सहायता, विरामी वा अंगभंग भएमा प्रदान गरिने उपचारका लागि आर्थिक सहायता आदि सेवाहरु वोडसंगको समन्वयमा संञ्चालन भइरहेको कार्यलाई थप प्रभावकारी बनाइनेछ ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न आवश्यक सीपमूलक तालिको पहिचान गरी संघ तथा प्रदेश सरकारको समन्वयमा बेरोजगार व्यक्तिलाई तालिम प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

**राजस्व प्रशासन :**

- इटहरी उपमहानगरपालिकामा कर तिर्ने दायित्व भएका हामी जनप्रतिनिधी र कर्मचारीहरुले आगामी आर्थिक बर्षमा बुझाउनु पर्ने सम्पुर्ण करहरु असोज मसान्तभित्र बुझाई उदाहरणीय कार्यको सुरुवात आफैंबाट गर्नुपर्ने कुराको यस गरिमामय सभा समक्ष प्रस्ताव गर्न चाहान्छु ।
- "जनताको करः जनतालाई खबर" भन्ने अवधारणा अनुरुप यस उपमहानगरपालिकाका करदाताहरुमा कर साक्षरता, कर दायित्व र अधिकार सम्बन्धी जानकारी प्रवर्धन गरी पारदर्शी, जवाफदेही कर संस्कृतिको विकास र सबलीकरण गरी समग्र राजस्व प्रणाली करदातामैत्री बनाइनेछ। साथै एस.एम.एस.बाट पनि राजस्व भुक्तानी सम्बन्धी जानकारी गराउन आवश्यक व्यवस्था मिलाइनेछ।
- करका दायरामा नआउने, कर नतिर्ने तथा झुठो विवरण पेश गरी कर छल्ने प्रवृत्ति अन्त्य गर्नका लागि बिशेष टोली गठन गरी परिचालन गरिनेछ ।
- समृद्ध उपमहानगर निर्माणका लागि आवश्यक पूजी निर्माण गर्न कर क्षेत्रको विस्तार, नयाँ क्षेत्रको पहिचान गरी कर प्रणालीमा समाहित गर्ने कार्यलाई आन्तरिक राजस्व वृद्धिको रणनीतिक औजारको रुपमा अङ्गिकार गर्दै करको दर भन्दा दायरा बढाउने नीति अवलम्बन गरिनेछ।
- तीन तहका सरकारहरुबीच सहकारिता, सहअस्तित्व र समन्वयको संवैधानिक मार्गदर्शन बमोजिम राजस्व सङ्कलनको सम्बन्धमा समेत इटहरी उपमहानगरपालिका क्षेत्रमा रहेका आन्तरिक राजस्व कार्यालय, कम्पनी रजिष्टारको कार्यालय र घरेलु कार्यालयसँग सार्थक समन्वय र जीवन्त सहकार्य गरिनेछ ।
- राजस्व प्रशासनमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरिनेछ। वडा तहमा करदातालाई कर बुझाउन कुनै असहजता भएमा प्रत्यक्ष सम्पर्क गरी गुनासो सुन्ने, सूचना उपलब्ध गराउने, कर बुझाउन

सहजीकरण गर्ने आदि कार्यका लागि करदाता सहायता कक्ष सञ्चालन गरिनेछ ।

- राजस्व प्रशासन सम्बन्धी प्रवर्धनात्मक तथा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- कर नतिर्ने करदाताहरुलाई उपमहानगरपालिकाबाट प्रदान गरिने छुट तथा सुबिधा कटौती गर्ने तथा सबै महाशाखा, शाखा तथा वडा कार्यालयहरुबाट आकस्मिकबाहेकका सेवा प्रवाह गर्दा सेवाग्रहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर, जरिवानालाई सेवासँग आबद्ध गरि अनिवार्य रुपमा असुल उपर गरेर मात्र सेवा प्रबाह गरिने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।
- अन्त्यमा इटहरीबासी आम नागरिकहरुलाई इटहरी उपमहानगरपालिकामा बुझाउनुपर्ने सम्पुर्ण करहरु समयमानै बुझाई सभ्य र सुसंस्कृत नागरिकको परिचय दिनुहुन विशेष अपिल र आग्रह गर्न चाहान्छु।

## <u>वन तथा वातावरणः</u>

**“स्वच्छ, सफा तथा हरित नगरीको कल्पनाः इटहरी बासीहरुको चाहाना”**

- वातावरणमैत्री स्थानीय शासन प्रारुप (EFLGP), २०७८ का सूचकहरुलाई चरणबद्द रूपमा इटहरी उपमहानगरपालिकाको सबै घर, वस्ती, वडाहरुमा कार्यान्वयन गरिनेछ।
- दिगो विद्यालय वातावरण प्रबर्द्धन कार्यक्रम (School Environment Promotion Program) को अवधारणा अनुरुप विद्यालय तहदेखि नै बालबालिकामा वातावरण प्रतिको सचेतना विकास गर्दै व्यवहारमा परिवर्तन गरी सबै बिधालयहरूलाई वातावरणमैत्री बनाउनमा जोड दिइनेछ ।
- इटहरी क्षेत्र भित्र निर्माण भएका र निर्माण हुने सडकहरुमा सुरक्षित वृक्षारोपण गरी शौन्दर्यीयकरण तथा हरियालि प्रवर्धन गर्ने कार्यलाई

निरन्तरता दिईनेछ।

- पूर्वाधार तथा संरचना विकास कार्यक्रमहरू संचालन गर्दा वातावरणमैत्री विकासको अवधारणालाई अवलम्बन गर्दै पूर्वाधार तथा संरचना विकास कार्यक्रमहरूको कम्तिमा ३ प्रतिशत बजेट लगाउने व्यवस्था गरिनेछ र
- शहरी सौन्दर्यकरणका लागि प्रमुख शहरी क्षेत्रका अप्टिकल फाइवर तथा अन्य तार व्यवस्थित गर्न सरोकारवाला निकायहरुसँग समन्वय गरी कार्य अगाडि बढाइने छ।
- सबैका लागि सफा पानी तथा सरसफाइ अन्तर्गत विभिन्न पार्क तथा सार्वजनिक स्थानमा सार्वजनिक शौचालय निर्माणका साथै अति बिपन्न नगरबासीका लागि शौचालय बनाउन सहयोग गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- घर नक्सा पास गर्दा कम्तीमा २ वटा बहुबर्षिय बिरूवाहरू रोपेर हुर्काउनु पर्ने छ र घर बनाउने क्रममा निस्कने फोहर अनिबार्य ब्यबस्थापन गरे पश्चात घर सम्पन्नता दिने नीति अबलम्बन गरिनेछ।
- वातावरणीय प्रदूषण सुधार गर्नका लागि ध्वनी प्रदूषण, पानी प्रदुषण, वायु प्रदूषण, दृष्य प्रदूषण लगायतका मानब स्वास्थ्यमा प्रतिकुल प्रभाब पार्ने कारक तत्वहरूलाई निरूत्साहित गर्ने र निर्मूल गर्ने नीति अबलम्बन गरिनेछ।
- औधोगिक प्रदुषण नियन्त्रण गर्न संघीय तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।

## ठोस फोहोरमैला तथा लेदोजन्य फोहोर पानी व्यवस्थापन:

- ठोस फोहोरमैला तथा लेदोजन्य फोहोरलाई एकिकृत व्यवस्थापन गर्न अध्ययन गरी आवश्यक थप पूर्वाधार निर्माणका लागि संघीय तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।
- स्वच्छ र सफा इटहरी अभियान अन्तर्गत दिगो फोहर व्यवस्थापनका लागि फोहरलाई श्रोतमै छुट्याई न्यूनीकरणमा जोड दिदै विविध कार्यक्रम सञ्चालन गर्न टोल विकास संस्था लगायतका अन्य सरोकारवालाहरुलाई परिचालन गरिनेछ ।
- नगरस्तरीय ठोस फोहरमैला ब्यबस्थापन कार्य सार्वजनिक नीजि साझेदारी (PPP) अवधारणामा सञ्चालन भईरहेको र यस कार्यलाई अझ प्रभावकारी बनाउन अध्ययन अनुसन्धान गरी बैज्ञानिक तरिकाले ब्यबस्थापन गरिनेछ।
- 3R (Reduce, Reuse, Recycle) अवधारणालाई घर घरसम्म पुर्याई ठोस फोहोर मैला ब्यवस्थापनका गरी अन्तिम बिसर्जन स्थलमा शून्य फोहोर (Zero Waste to Landfill) सम्वन्धी अल्पकालीन र दीर्घकालीन नीति अवलम्वन गरिनेछ ।
- इटहरी वडा नं. १० मा निर्माण सम्पन्न भई सन्चालनमा रहेको फोहोर प्रशोधन केन्द्र सहितको अन्तिम बिसर्जन स्थलको उचित व्यवस्थापन लागि आवश्यक पूर्वाधार निर्माण कार्य गरिनेछ ।
- वातावरण प्रदुषण गर्नमा समस्याको रुपमा देखिएको प्लाष्टिक प्रयोगलाई निरुत्साहन गर्न प्रदेश सरकार एवं सरोकारवाला निकायहरुको समन्वय र सहकार्यमा प्लाष्टिक झोला, प्लाष्टिक बोटल, गुट्खा, भोला, पान पराग जस्ता प्लाष्टिकको प्याकेटमा बिक्री वितरण हुदैं आएका वस्तुहरुको प्रयोग माथि प्रतिबन्ध लगाउन आवश्यक तयारी अगाडि बढाइने छ ।

- सम्बन्धित सरोकारवाला संघ संस्थासंग समन्वय गरी टोल विकास संस्थाको सहकार्यमा वैकल्पिक झोलाको प्रवर्द्धन गरी टोल तथा वडालाई प्लास्टिकमुक्त घोषणा कार्य अभियानको रुपमा सञ्चालन गरिने छ ।

**विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापन**

- इटहरी उपमहानगरपालिका भएर बग्ने बुढी, टयाङ्ग्रा, खेती, सुकुमारी, मुढा, हक्रा, खर्सला, पानीपिया, सेरा लगायतका अन्य खोला, पैनी, खहरेले वर्षायाममा इटहरी डुवानमा पर्ने भएकोले सघं, प्रदेशसँग समन्वय एवं सहकार्य गरी गुरुयोजना बमोजिम बाढी र डुवान नियन्त्रणका लागि तटबन्ध निर्माण कार्यलाई निर्न्तरता दिईनेछ ।
- बाढी तथा डुबानबाट हुनसक्ने संभावित क्षतिबाट बच्न बर्सातको समय अगाबै मुख्य खोलाहरु सरसफाई तथा साइफनहरु खोल्ने तथा सफा गर्ने कार्यलाई निर्न्तरता दिईनेछ ।
- नवीन प्रविधि र उपकरणको व्यवस्था सहित स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) स्थापना गरी सञ्चालनमा ल्याइने छ ।
- स्थानीय विपद तथा जलवायू उत्थानशिल योजना तयार(LDCRP) तयार गर्ने र जलवायु परीबर्तन अनुकुलन कार्यलाई निरन्तरता दिइनेछ ।
- आगलागीका घटना न्यूनिकरण लागि घर नक्सा पास गरी निर्माण सम्पन्न प्रमाण पत्र दिँदा अग्नि नियन्त्रण यन्त्र (Fire Extinguisher), हाईराईज भवनहरुमा बाहिरबाट पनि सिढी अनिवार्य रुपमा राख्ने नीति अबलम्बन गरिने छ ।
- इटहरी उपमहानगरपालिकाभित्र अग्ला भवनहरुमा आगलागी नियन्त्रणका लागि क्रेन खरिद गरिनेछ । यसको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।
- उपमहानगरपालिका क्षेत्रभित्र हुने गरेको डुवान, भूक्षय तथा नदी कटान जस्ता समस्याहरू समाधानका लागि जैविक प्रबिधि (Bio Engineering)

प्रबिधिको प्रयोगमा जोड दिइने नीति अबलम्वन गर्दै प्रत्यक्ष रूपमा प्रभावित हुने समुदायलाई सो सम्बन्धमा ज्ञान,सीप र अन्य क्षमता विकास सम्बन्धी आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

- बिपदको प्रकारको आधारमा वार्ड अनुसारको बिपद पहिचान गरी GIS म्यापिङ तयार गरी योजना तर्जुमाको अभिन्न अंगको रूपमा आत्मसात गर्ने नीतिलाई थप प्रभावकारिताका साथ लागू गरिनेछ ।
- जोखिम न्यूनीकरण तथा ब्यवस्थापन कार्यका लागि सुरक्षानिकायहरु, उद्योग बाणिज्य संघ,नेपाल रेडक्रस सोसाईटी र अन्य सामाजिक संघ संस्थाहरूसंग प्रभावकारी साझेदारी र समन्वय गरीनेछ ।
- फायर बल तथा फायर स्टिंगगुइजर प्रयोगका सन्दर्भमा सामान्य ज्ञानको अभावमा हुने गरेका आगलागी तथा दूर्घटना न्यूनीकरण गर्न समुदाय तहमा अभियानको रुपमा तालिम सञ्चालन गरिने छ ।
- सडक दुर्घटना नियन्त्रण गर्न कोशी प्रदेश राजमार्ग ट्राफिक व्यवस्थापन कार्यालय लगायत अन्य कार्यालयहरु संग समन्वय तथा सहकार्य गर्ने कार्यलाई निरन्तरता दिने ।

## भवन निर्माण ईजाजत तथा नियमन

- सेवा प्रवाहको रूपमा रहेको विद्युतीय भवन निर्माण प्रणाली (e-BPS) र अनलाइन हस्ताक्षर (डिजिटल सिग्नेचर) सेवा प्रवाहको आधारभूत पक्ष भएकाले सो को निरन्तरता तथा अन्य प्रविधिजन्य कार्य व्यवस्थापन गरिनेछ।
- स्पष्ट मापदण्डहरूको अभावमा शाखाबाट उपलब्ध हुने सेवा प्रवाहमा कठिनाई उत्पन्न हुन गएकाले तोकिएका मापदण्ड तयार गरिनेछ।
- सुरक्षित बसोबासलाई थप सुदृढ गर्न आवस्यक भएको हुँदा सुरक्षित बसोबास निर्माणको एक प्रमुख अंग निर्माण व्यवसायी पनि भएको देखिंदा निर्माण व्यवसायीलाई निर्माण व्यवसाय सम्वन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

- शाखामा कार्यरत जनशक्ति (कर्मचारी) को क्षमता अभिवृद्धि गरिनेछ ।
- कर्मचारीको मनोबल उच्च राख्न समय समयमा पुनः ताजगिकरण (Refreshment) जस्ता कार्यक्रम गरिनेछ ।
- सुरक्षित बसोबासको प्रत्याभूतिका लागि निर्माण सम्वन्धी नागरिक जागरण कार्यक्रम गरिनेछ ।
- समयानुसार कर्मचारीको मनोबललाई अभिवृद्धि गरी कार्य सम्पादन प्रभावकारी तुल्याउँन आवस्यक व्यवस्थाका गरिनेछ ।

## घर नक्सा निर्माण

- घर नक्शा निर्माण शाखालाई आवश्यक पर्ने सामाग्रिहरु जस्तै A3 sizes scanner and printer, फाईल राख्ने दराज व्यवस्था गरिनेछ ।
- घर नक्शा निर्माण शाखामा कार्यरत कर्मचारीहरुलाई तालिमको व्यवस्था गरिनेछ । साथै हरेक कर्मचारीहरुलाई ल्यापटपको ब्यबस्था गरिनेछ ।
- समय अनुसार कर्मचारीहरुलाई मनोवललाई उच्च राख्न साथै प्रभावकारी तुल्याउन आवश्यक व्यवस्था गरिनेछ ।
- घर नक्शा निर्माण शाखाबाट भई रहेको कामको प्रकृया आ.ब. २०८०।८१ वाट १ हजार स्क्वाइर फिटसम्मको घर नक्सा निशुल्क निर्माण गर्न सुरुवात भएको हो । यस शाखावाट हुने सेवाहरुलाई छिटो तथा छरितो वनाइनेछ ।
- इटहरी उपमहानागरपालिकाभित्र रहेको हरेक वडाहरुमा गएर घर निर्माण शाखाको बारेमा जानकारी गराइनेछ ।
- भवन अभिलेखिकरण साथै तला थपको लागि आउने सेवाग्राहिहरुको कामलाई छिटो तथा सरल बनाउनेछ ।

## प्राविधिक प्रयोगशालाः

- सेवा प्रवाहको रूपमा रहेको प्राविधिक प्रयोगशालाको स्थरउन्नति साथै मेशिनरी औजार खरिद साथै गुणस्तर चेकजाँच (Calibration) गरिनेछ । साथै सो को निरन्तरता तथा अन्य प्रविधिजन्य कार्य व्यवस्थापन गरिनेछ ।

- शाखामा कार्यरत जनशक्ति (कर्मचारी) को क्षमता अभिवृद्धि गरी थप प्रभावकारी सेवा प्रवाह तथा प्रविधिमैत्री प्रयोगशालाको असल अभ्यास र तालिमको व्यवस्थापन गरिनेछ ।
- मेशीनरी सम्बन्धि सामाग्रीको मर्मत तथा पाठपुर्जा समयसापक्ष व्यवस्थापन गरिनेछ ।
- Quality Control, Construction Materials Testing Procedure as Pre DOR-2078 गुणस्तरीय निर्माणलाई थप सुदृढ गरिनेछ । साथै गुणस्तर निर्माणको एक प्रमुख अंग निर्माण व्यवसायी पनि भएको देखिंदा निर्माण व्यवसायीलाई निर्माण व्यवसाय सम्वन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

## सुरक्षित आप्रवासन (सामी) :

- वैदेशिक रोजगारीमा संलग्न आप्रवासी कामदार र तिनका परिवारको सामाजिक, आर्थिक र कानूनी अधिकारको संरक्षण तथा विकासमा योगदानको सम्मान गरी सम्बन्धित सेवा सुनिश्चित गरिनेछ।
- वैदेशिक रोजगारी पूर्व आवश्यक जानकारी परामर्श र सूचना, मनोसामाजिक परामर्श सेवा र उद्यमशीलता विकास कार्यक्रम सञ्चालन जस्ता सेवा प्रदान गरिनेछ।
- स्थानीय स्तरमा रोजगार सिर्जनात्मक कार्यक्रम, सीप विकास तालिम र उद्यमितालाई प्रवर्द्धन गरी आय अभिवृद्धि गरिनेछ।
- वैदेशिक रोजगारीमा निर्भरता घटाउँदै आत्मनिर्भर अर्थतन्त्र निर्माणमा केन्द्रित गरिनेछ।
- वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई सहुलियतपूर्ण ऋण, प्राविधिक सहयोग र स्वरोजगारी कार्यक्रममार्फत स्थानीय वजारमा जोडिने अवसर प्रदान गरिनेछ।
- सुरक्षित आप्रवासनका लागि स्पष्ट कार्यविधि बनाइनेछ र स्थानीय तहमा "श्रम तथा रोजगार शाखा" स्थापना गरी एकीकृत सेवा प्रवाह गरिनेछ।

सभाध्यक्ष महोदय,

अन्तमा यो नीती, कार्यक्रम तथा बजेट निर्माण कार्यमा मार्ग दर्शन गर्नु हुने श्रद्धय नगर प्रमुख ज्यू प्रति विशेष आभार प्रकट गर्दछु । बजेट, कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरु, श्रोत अनुमान तथा सिमा निर्धारण समितिका सदस्यज्यूहरु, राजश्व परापमर्श समितिका सदस्यहरु, विषयगत समितिका संयोजक लगायत सदस्य ज्यूहरु, सवै जनप्रतिनिधि साथीहरु, प्रमुख प्रशासकिय अधिकृत एवं सभाका सचिवज्यू लगायत साथ सहयोग गर्नुहुने अन्य कर्मचारी मित्रहरु बजेट तर्जुमा गर्ने क्रममा प्रत्यक्ष अप्रत्यक्ष सल्लाह सुझाव गर्नुहुने पूर्व जनप्रतिनिधि कियाशिल राजनीतीक दलहरु र तिनका नेतृत्वहरु संघ संस्था, सञ्चार जगत, उद्योगी व्यवसायी, बुद्धिजिवी लगायत नगरवासीहरु सबैमा विशेष धन्यवाद ज्ञापन गर्दछु ।

नीति कार्यक्रम तथा वजेट निमार्ण गर्ने एउटा प्रकृया समपन्न गर्नु हो भने, वजेटले निर्दिष्ट गरेका लक्ष्य र उदेश्यलाई प्राप्त गर्नु अर्को पाटो हो । यस नीति कार्यक्रम तथा वजेट माथि वस्तुनिष्ठ छलफलका साथ पारित गरी सफलता पूर्वक कार्यन्वयन गराई नगरको विकास योगदान पुर्याउनका निम्ति सवै जनप्रतिनिधी र राष्ट्र सेवक कर्मचारीहरुको सक्रिय सहभागीताको अपेक्षा गर्दै विदा हन्छु ।

**धन्यबाद नमस्कार !**